का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ पुस २०८१,
शुक्रबार
10 January, 2025
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नें

वर्ष २२, अंक ३२२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# ८४ दिनपछि रवि लामिछाने छुटे

**कोसँग कति धरौटी ?**

| | |
|---|---|
| रवि लामिछाने | - ६५ लाख |
| छविलाल जोशी | - ८८ लाख |
| रामबहादुर खनाल | - १५ लाख |
| लीला पछाई | - ३७ लाख |
| आरती गुरुङ | - ५ लाख |
| मीना गुरुङ | - ५ लाख |
| कृष्णबहादुर गुरुङ | - १ लाख |

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २५ पुस ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने ८४औं दिनमा रिहा भएका छन् । सहकारी ठगी प्रकरणमा गत २ कात्तिकमा काठमाडौंमा पक्राउ परेका पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्रीसमेत रहेका लामिछाने ८४ दिनपछि बिहीबार रिहा भएका हुन् ।

जिल्ला अदालत, कास्कीका न्यायाधीश नीतिज राईको इजलासले लामिछानेलाई ६५ लाख रुपैयाँ धरौटीमा रिहा गरेको हो ।

अदालतको आदेशअनुसार सहकारीको रकम अपचलन गरेको आरोपमा पक्राउ परेका लामिछानेसहित ७ जना प्रतिवादीहरूलाई पनि अदालतले बिहीबार नै धरौटीमा थुनामुक्त गरी तारेखमा राखेर मुद्दा अघि बढाउन आदेश दिएको छ ।

जिल्ला सरकारी वकिलको कार्यालयले सहकारी ठगीमा रविविरुद्ध ३ करोड ३७ लाख ६५ हजार, छविविरुद्ध ५ करोड २६ लाख ६५ हजार र पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका पुत्र दीपेश पुनविरुद्ध २ करोड १४ लाख ८ हजार ८४३ रुपैयाँ मागदाबीसहित मुद्दा चलाएको थियो ।

धरौटी बुझाएलगत्तै लामिछानेसहित ६ जना रिहा भएका हुन् । लामिछानेसँगै छविलाल जोशी, रामबहादुर खनाल, पृष्ठ २ मा

## आदेशमा के छ ?

अदालतले लामिछाने पूर्ण रूपमा निर्दोष नभएको तर अहिले थुनामै राख्नुपर्ने गरी प्रमाण नष्ट नगर्ने अवस्था देखेपछि यो आदेश गरेको जनाएको छ । यससँगै लामिछानेले धरौटीबापत बैंक ग्यारेन्टी देखाएका छन् । शुक्रबार या आइतबार आफैं काठमाडौं जिल्ला अदालतमा हाजिर हुने जनाइएको छ ।

'... निज १० प्रतिशत शेयर धनी भएको भन्ने देखिएको र निज शेयरधनी भएको अवधिमा सूर्यदर्शन सहकारीबाट नेचरहब्समा रकम गएको देखिनुका साथै निजको अन्य प्रतिवादीसँग देखिएको अन्तरसम्बन्ध र बैंक खाताको ट्रान्जेक्सनसमेतका मिसिल संलग्न तत्काल प्राप्त आधार प्रमाणहरूबाट निज प्रतिवादी अहिले नै कसुरदार रहेनछन् भन्न सकिने मनासिब आधार नदेखिए पनि तत्काल प्राप्त माथि उल्लेखित प्रमाणहरूबाट प्रतिवादीलाई पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने', आदेशमा भनिएको छ । पृष्ठ २ मा



## पक्राउदेखि रिहासम्म

- **कात्तिक २** – रास्वपा केन्द्रीय कार्यालय काठमाडौंबाट पक्राउ गरी पोखरा ल्याइएको
- **मंसिर ९** – कास्कीले पाँचौं पटक १५ दिन म्याद थप
- **मंसिर १३** – पोखराबाट काठमाडौं पुनः बयान
- **मंसिर १८** – काठमाडौंबाट चितवन पुनः बयान
- **मंसिर २३** – कास्कीले छैटौं पटक ४ दिनका लागि म्याद थप
- **मंसिर २४** – पोखराबाट पर्सा लगिएको
- **मंसिर २५** – पर्सामा बयान
- **मंसिर २६** – पर्साबाट काठमाडौं हुँदै पोखरा
- **मंसिर २७** – कास्कीमा ५ दिनको म्याद थप
- **पुस १** – प्रहरीको अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा
- **पुस २** – अदालतमा उपस्थित गराइएको
- **पुस २५** – धरौटीमा छाड्न आदेश

## साना दल कस्ने सत्तारूढ नीति
# थ्रेस होल्ड बढाउने, दलको संख्या घटाउने

सरकारले राष्ट्रिय दलको मान्यता पाउने मतको सीमा बढाएर दलको संख्या घटाउने नीति लिन खोजेको हो । यसका लागि राजनीतिक दलसम्बन्धी ऐन संशोधन गृहकार्य अगाडि बढेको छ



देश बनाउने हो भने सानातिना पार्टीमा अल्मलिन हुँदैन । बलिया पार्टीतर्फ जनमतलाई ध्रुवीकृत गर्न जरुरी छ

● **शंकर पोखरेल**
**महासचिव, नेकपा एमाले**



निर्वाचन थ्रेसहोल्डको प्रावधान आमजनतालाई स्वीकार्य हुन सक्दैन । २ दलीय तानाशाही चाहिँदैन

● **सीके राउत**
**अध्यक्ष, जनमत पार्टी**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २५ पुस ।

सरकारले राजनीतिक दलसम्बन्धी ऐन संशोधनको गृहकार्य अगाडि बढाएको छ । हाल राष्ट्रिय दल बन्न प्रतिनिधिसभाको समानुपातिकतर्फ ३ प्रतिशत मत पाउनुपर्ने सीमा छ । यसलाई बढाएर ५ प्रतिशत बनाउने भनिएको छ भने यस्तो सीमा प्रदेशसभामा पनि बढाएर ३ प्रतिशत बनाउन लागिएको छ । यसअघि प्रदेशमा १ दशमलव ५ प्रतिशत छ ।

प्रमुख सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा एमालेले राष्ट्रिय दलको मान्यता पाउने मतको सीमा बढाएर दलको संख्या घटाउन खोजेका हुन् । यसका लागि राजनीतिक दलसम्बन्धी ऐन संशोधन गृहकार्य अगाडि बढेको हो ।

नेकपा एमालेका महासचिव शंकर पोखरेल सानातिना पार्टीमा अल्मलिएर देश नबन्ने बताउँछन् ।

बिहीबार एमाले मुख्यालय च्यासलमा आयोजित स्ववियु निर्वाचनसम्बन्धी कार्यशालालाई सम्बोधन गर्दै महासचिव पोखरेलले बलिया राजनीतिक दलहरूले मात्र देश बनाउन सक्ने बताएका हुन् । उनी भन्छन्, 'देश बनाउने हो भने सानातिना पार्टीमा अल्मलिन हुँदैन । बलिया पार्टीतर्फ जनमतलाई ध्रुवीकृत गर्न जरुरी छ ।'

प्रधानमन्त्री केपी शर्मा ओली स्वयं साना दलहरूलाई मर्ज हुन आग्रह पृष्ठ २ मा

## टीकापुर जग्गा हिनामिना प्रकरण
# ८७ जना दोषी ठहर

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २५ पुस ।

कैलालीको टीकापुर जग्गा हिनामिना प्रकरणमा ८७ जना दोषी ठहर भएका छन् । विशेष अदालतले टीकापुर बजार क्षेत्रको १२५ कठ्ठा सरकारी जग्गा हिनामिना प्रकरणमा ८७ जनालाई दोषी ठहर गरेको हो ।

यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २५ माघ २०८० मा २४९ जनालाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो ।

२०६५ सालपछि टीकापुर नगर विकास समितिमा नियुक्त भएका अध्यक्ष एवं पदाधिकारीहरू नेत्रप्रसाद जोशी, ललित ताम्राकार र धिजराज रेग्मीको पालामा सरकारी कागजपत्रहरू नक्कली बनाएर मिलेमतो गरी समितिको जग्गा स्वार्थ र सम्बन्धका आधारमा वितरण भएको र अनियमितता भएको भन्दै अख्तियारले मुद्दा दर्ता गरेको थियो ।

तीमध्ये ८७ जनालाई विशेष अदालतले दोषी ठहर गरेको हो ।

टीकापुर नगर विकास समितिको जग्गा व्यक्तिको नाममा ल्याएर अनियमितता गरिएको अख्तियारको अनुसन्धानको निष्कर्ष थियो । सोही निष्कर्षका आधारमा अख्तियारले मुद्दा दायर गरेको छ । त्यसमा संलग्न रहेको ठहर गर्दै विशेष अदालतले तत्कालीन नगर विकास समितिका ११ जना पदाधिकारीलाई १ वर्ष ६ महिना तथा कर्मचारीलाई ३ महिना कैद गर्ने निर्णय सुनाएको हो ।

जग्गा आफ्नो नाममा कायम ७६ जनालाई कैद र जरिमाना गरिएको छ ।

> नगर विकास समितिको जग्गा व्यक्तिको नाममा ल्याएर अनियमितता गरिएको ठहर गर्दै त्यसमा संलग्न समितिका ११ जना पदाधिकारीलाई १ वर्ष ६ महिना तथा कर्मचारीलाई ३ महिना कैद फैसला भएको छ

विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीका अनुसार नगर विकास समितिको जग्गा गैरकानुनी रूपमा व्यक्ति विशेषलाई हक हस्तान्तरण गरेको भन्दै उनीहरुलाई कैद र जरिमाना गर्ने निर्णय अदालतले सुनाएको हो । अदालतले सबै जग्गा नगरविकास समितिकै नाममा कायम गर्ने निर्णय गरेको छ ।

फैसलाअनुसार व्यक्तिको नाममा कायम भएको जग्गा जफत हुने छ ।

विशेष अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवर, सदस्य न्यायाधीशद्वय तेजनारायण सिंह राई र रितेन्द्र थापाको इजलासले बिहीबार यस्तो फैसला गरेको हो ।

कैलालीको टीकापुरमा नक्कली कागजातहरू खडा गरी सार्वजनिक जग्गा व्यक्तिको नाममा हक हस्तान्तरण कसुरमा दोषी ठहर गरिएको हो ।

अख्तियारका अनुसार २०२८ सालमा सरकारले टीकापुर उत्तरतर्फको जंगल, पूर्वतर्फ रजिपुर र सीतापुर गाउँको आवादी, दक्षिण सीतापुर लकमी, छकरकैला र बाघमारा गाउँको आवादी, पश्चिम कटानपुर गुलरिया मोतीनगरको आवादी गरी ४ किल्लाभित्र पर्ने १ हजार बिघा तथा नदीनाला र कुलोले चर्चेको १७३ बिघा गरी १ हजार १७३ बिघा जग्गा कृषि फार्म परियोजना र नगर बस्तीका लागि प्रयोग गर्ने निर्णय गरेको थियो ।

यो परियोजना संचालन गर्न टीकापुर नगर विकास समिति गठन भएको थियो । समितिले नै कृषि परियोजना एवं व्यक्तिलाई जग्गा बिक्री गर्न अधिकार दिएको थियो । समितिमार्फत प्रत्येक परिवारलाई ४ बिघासम्म बिक्री गर्ने र केहीमा कृषि फार्म संचालन गर्ने योजना सरकारले अनुमोदन गरेको थियो । तत्कालीन सचिव रामबहादुर पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# इपीएस उत्तीर्ण र रोस्टरकालाई लैजान मन्त्री भण्डारीको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ पुस ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले इपीएस उत्तीर्ण भई रोस्टरमा रहेकासहित नेपाली कामदारलाई शीघ्र रोजगारीमा लैजान दक्षिण कोरियासँग आग्रह गरेका छन् । नेपालका लागि दक्षिण कोरियाली राजदूत थी पार्क ताई योङसँग बिहीबार मन्त्रालयमा भएको शिष्टाचार भेटमा मन्त्री भण्डारीले उक्त आग्रह गरेका हुन् ।

भेटमा नेपाल र दक्षिण कोरियाबीच भएको श्रम सम्झौताका विभिन्न पक्षहरूबारे गहन छलफल भएको भन्दै मन्त्रालयले विशेषतः इपीएस प्रणालीअन्तर्गतको सम्झौतालाई पुनरावलोकन गरी नवीकरण गर्ने, सीपयुक्त कामदारलाई दक्षिण कोरिया पठाउनेसम्बन्धी कार्यविधि, इपीएस उत्तीर्ण भई रोस्टरमा रहेका नेपाली कामदारलाई यथाशक्य छिटो पठाउने, पानीजहाज निर्माणलगायतका क्षेत्रमा छनोट भएका कामदारका मागहरू सम्बोधन गर्नेलगायतका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी रोजगारीका लागि कोरिया जान सबै चरण पूरा गरी उडानको पर्खाइमा रहेकाहरूलाई छिटो पठाउन प्रक्रियालाई सहजीकरण गर्नुपर्ने विषयमा पनि छलफल भएको मन्त्रालयले जनाएको छ ।

भेटका क्रममा मन्त्री भण्डारीले आगामी दिनमा नेपाली कामदारको माग संख्या बढाउनका लागि आग्रह गर्दै विगतमा रोस्टरमा नाम परेका तर कोरिया जान नपाएका व्यक्तिहरूसमेतलाई लक्षित गरी आगामी दिनमा विशेष व्यवस्था गर्नुपर्ने र सो कार्यका लागि सीप विकासमा कोरिया सरकारले सहयोग गर्नुपर्ने विषयमा पनि राजदूत पार्कसँग आग्रह गरेका छन् ।

राजदूत पार्कले नेपाली कामदारहरूको उच्च कदर गर्दै नेपालबाट निरन्तर रूपमा कामदार लैजाने, रोस्टरमा नाम समावेश भएका व्यक्तिलाई उच्च प्राथमिकताका साथ रोजगारीमा लैजान पहल गर्ने र थप नेपाली कामदार लैजाने पृष्ठ २ मा

## शोषणविरुद्ध अमेरिकी अदालतमा मुद्दा दर्ता हुने

**काठमाडौं/मस–** मलेसियामा रहेको जापानी कम्पनी कावागुची म्यानुफ्याक्चरिङ एसडीएन बीएचडीमाथि आप्रवासी कामदारको शोषणविरुद्ध अमेरिकी अदालतमा मुद्दा दर्ता हुने भएको छ । उक्त कम्पनीमा कार्यरत २५१ जना बंगलादेशी कामदारलाई तलब नदिएर शोषण गरेको आरोपमा अमेरिकी अदालतमा मुद्दा दर्ता गर्न लागिएको स्वतन्त्र आप्रवासी कामदार अधिकारकर्मी एन्डी हलले बताएका छन् ।

एन्डी हलले नेपाल आउने बहुराष्ट्रिय कम्पनीको डिमान्डका कामदार छनोट प्रक्रियामा बिचौलिया चलखेल र अनुचित रकम असुली भएको भन्दै विगतमा विभिन्न टिप्पणी गर्ने अधिकारकर्मी हुन् । उनी नेपाल आउने बहुराष्ट्रिय कम्पनीको डिमान्डमा हाल पनि सोधखोजमा लागिरहेको कतिपय पृष्ठ २ मा

**युएईमा रोजगार**
कम्पनी : A G FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८१/०९/२४ चलानी नं.: ६०२३१०८२ LT. No.: 316795

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 100 | 50 | स. काममा दक्ष | 925 | ३४,५२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ४ गते (17 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत पत्र नं. ५१८/०६१/०६२
**Growth Process International Employment Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Nepal Phone No.: 01-5904622, Fax: 4383347, Mobile No.: 9851146986, 9823862551, 9819710032
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com

मध्यान्ह
www.madhyanhadaily.com
२६ पुस २०८१ शुक्रबार
10 January 2025, Friday

# उच्च शिक्षा मापदण्ड ऐन ल्याएर मात्र थप विश्वविद्यालय

काठमाडौं/मस-शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले आगामी दिनमा नयाँ विश्वविद्यालय खोल्न उच्च शिक्षा मापदण्ड ऐन ल्याएर मात्र अघि बढ्ने बताएकी छन् ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि संशोधनकर्तासँग भएको छलफलमा मन्त्री भट्टराईले नयाँ विश्वविद्यालय निर्माणका सम्बन्धमा उच्च शिक्षा ऐन ल्याएर मात्र अघि बढ्न शिक्षा मन्त्रालय प्रतिबद्ध भएर काम गरिरहेको बताइन् ।

उनले भनिन्, 'चिकित्सा शिक्षा आयोग र सिटिइभिटी दुवैले क्यालेन्डर पालना गर्ने र सम्बन्धन प्राप्त भइसकेका पचास र सय शैय्याका अस्पतालको हकमा कार्यान्वयन गरेर जाने सहमति भएको छ । कतिपय कानुनी जटिलता र प्रक्रिया फुकाउन समय लाग्ने भएकाले अर्को क्यालेन्डर पर्खिनुपर्नेछ । पछि उच्च शिक्षा ऐन ल्याएर मात्र नयाँ विश्वविद्यालय खोल्छौं ।'

मन्त्री भट्टराईले सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको आवश्यकताबारे आम रुपमा आवाज



उठेको र संसद्मा सबैले प्रतिबद्धता जनाएको बताइन् । 'यो विश्वविद्यालय अगाडि बढ्नेछ भन्ने विश्वास छ । धेरै प्रश्न खडा नगरौं । सरोकारवालाहरुसँग बसिसक्यौं, समितिले पनि छलफल गरिसकेको छ । सबैले आवश्यक छ भनेर बोध गरेको विश्वविद्यालय निर्माण गरौं', उनले भनिन् ।

मेडिकल कलेजका बारेमा प्रदेश र संघीय सरकारबीच समन्वयकारी भूमिका हुनुपर्ने उल्लेख गर्दै मन्त्री भट्टराईले प्रदेश सरकारसँग परामर्श बैठक सञ्चालन गरेर अघि बढेको बताए । उनले भनिन्, 'कोशी प्रदेश सरकारसँग परामर्श भइसकेको छ । अरु प्रदेश सरकारसँग उच्च शिक्षालाई व्यवस्थित गर्ने, विद्यालय शिक्षाको हकमा स्थानीय पालिकासँग बढी समन्वय गर्नुपने विषयमा थप छलफल हुनेछ ।'

विधेयक संशोधनकर्ता सांसद मैना कार्कीले सुदूरपश्चिममा नयाँ विश्वविद्यालय स्थापना हुनु खुसीको कुरा भएको उल्लेख गर्दै विधेयक छिटो पारित गरेर लैजानुपर्ने बताइन् । उनले भनिन्, 'संरचना तयार छ । जनशक्ति व्यवस्थापन, सर्वसुलभ गुणस्तरीय सेवा, शैक्षिक शुल्क र सेवा शुल्क व्यवस्थापन गरेर अगाडि बढ्नुपर्छ ।' उनले विश्वविद्यालयको सिट संख्या निर्धारण, विद्यार्थी भर्ना, शिक्षण शुल्क र छात्रवृत्तिमा द्वन्द्व पीडित तथा सहिद परिवारलाई समेट्न सुझाव दिइन् ।

सांसद डा तोसिमा कार्कीले विधेयकलाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्ने बताइन् । 'त्यत्रो संरचना बनाइएको छ । ती संरचना अलपत्र छन् । सेती प्रादेशिक अस्पतालमा ठाउँ अभाव भएर बिजोग छ । कुनै महामारी वा प्रकोप आए अस्पतालले धान्न सक्दैन । विधेयक कुरेर बस्ने तर सेवा सञ्चालन किन नगर्ने ?', उनले भनिन् ।

हाल ५० शय्यामा मात्र सञ्चालित गेटा अस्पतालमा एक सय शैय्याको अस्पताल पनि सुरु हुन नसकेको भन्दै उनले विधेयकलाई छिटोभन्दा छिटो प्राथमिकता दिनुपर्ने बताइन् ।

सांसद रघुजी पन्तले यो विधेयक राम्ररी गृहकार्य नगरी ल्याइएको प्रतिक्रिया दिए । 'देशको बजेट तथा आर्थिक अवस्थाले धान्ने मात्र सोचौं । सुदूरपश्चिममा विश्वविद्यालय बन्नु राम्रो कुरा हो । मेडिकल विश्वविद्यालयका लागि के चाहिन्छ भनेर अड्कल नगरी नै यो विधेयक ल्याइयो । विश्वविद्यालयको रुपमा सञ्चालन हुन अझै १० वर्ष लाग्छ होला', उनले भने ।

# जलवायु परिवर्तनबाट उत्पन्न विपत्तिको सजाय नेपालले भोग्न बाध्य : मन्त्री राणा

काभ्रेपलाञ्चोक/मस-परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले जलवायु परिवर्तनका कारण नेपालमा बेमौसमी विपत्ति आएको बताएकी छिन् । सुरक्षित मातृत्व सञ्जाल महासंघ नेपालद्वारा बिहीबार आयोजित ब्लाङ्केट वितरणमा उनले बेमौसमी विपत्तिका कारण नेपालले जनधनको क्षतिको जोखिम भोग्दै छ भनिन् ।



उनले भनिन्, 'जलवायु परिवर्तनको असरका कारण नेपालमा बर्षायाम सकिएपछि गएको असोजमा बेमौसमी बाढीपहिरो आयो, यो विपत्ति ल्याउन नेपालले कुनै बातावरणीय प्रभावका काम गरेको छैन, गल्ती नगर्दा पनि अन्य देशका कारण भएको जलवायु परिवर्तनको असरले निम्त्याएको विपत्तिले जनधनको क्षति ब्यहोर्नुपर्‍यो ।' नेपालको कारण जलवायु परिवर्तन नभएको तर, अन्य देशका कारण नेपालले पनि क्षति ब्यहोर्नुपरेकाले आफुले अन्तराष्ट्रिय फोरममा यसबारे विषय उठान गर्दै आएको उनले व्यक्त गरिन् ।

मन्त्री राणाले नेपालमा भएको विपत्तिको क्षति कस्ले तिर्ने प्रश्न गर्दै उनले भनिन्, ' गर्दै नगरेको गल्तीको सजाय नेपालीले भोग्नुपर्ने, यसको क्षतिपूर्ति कस्ले तिर्छ ?' उनले जलवायु परिवर्तनका कारण पानी स्रोत सुक्दै जाने भएकाले अबका पुस्ता-सन्तनीलाई निकै गाह्रो हुने बताइन् । 'म मेरो सन्तानलाई जन्म दिने बेलामा जुन प्रसव पीडाबाट गुज्रिए, मर्छु कि बाँच्छु भन्ने अवस्थामा पुगेको थिए', उनले थपिन् 'म र मेरो सन्तान त बाच्यो तर, यस्तै पीडा सहन बाध्य हुने महिला बाँच्न सक्लान् कि नसक्लान् भनेर यो अभियानमा जोडिएको थिएँ ।'

---

## ८४ दिनपछि...

कृष्णबहादुर गुरुङ, मीना गुरुङ र आरती गुरुङले धरौटी रकम बुझाएर रिहा भएका हुन् ।

पोखराको सूर्यदर्शन सहकारी ठगीमा लामिछाने, राई र जोशीसहित ६३ जना प्रतिवादी छन् । सम्पत्ति शुद्धीकरणतर्फ हाल फरार रहेका जीबी राईविरुद्ध १ अर्ब ८६ करोड ७३ लाख १९ हजार ५१८ रुपैयाँ बिगो मागदाबी भएको थियो ।

जोशीविरुद्ध ७४ करोड ३४ लाख ७१ हजार ५५ रुपैयाँ, रविविरुद्ध २७ करोड ८९ लाख ४४ हजार ७०५ रुपैयाँ, लीलाविरुद्ध २४ करोड ६७ लाख ७ हजार ३४ रुपैयाँ र खनालविरुद्ध १४ करोड ३० लाख ९१ हजार ९११ रुपैयाँ मागदाबी भएको थियो ।

सरकारी वकिलको कार्यालयले रविको सम्पत्ति जफत गर्न पनि माग गरेको थियो । सम्पत्ति जफतमा रविकी श्रीमती निकिता पौडेललाई पनि विपक्षी बनाइएको थियो । तर, यस प्रकरणमा अझै मुद्दा बाँकी नै छ ।

## आदेशमा...

अदालतका स्रेस्तेदार राजन खनालले प्रतिवादीहरू छविलाल जोशीको हकमा ८८ लाख, रवि लामिछानेलाई ६५ लाख, रामबहादुर खनाल १५ लाख, लीला पछाई ३७ लाख, कृष्णबहादुर गुरुङ १ लाख, मीना गुरुङको हकमा ५ लाख र आरती गुरुङको हकमा ५ लाख धरौटी लिएर मुद्दाको पुर्पक्ष गर्नेगरी आदेश भएको जानकारी दिए ।

उनले अन्य जिल्लाहरूमा जारी मुद्दामा प्रतिवादीहरू ती जिल्लाहरूमा उपस्थित हुनुपर्ने र कारबाही प्रक्रियामा सामेल हुनुपर्ने पनि बताए ।

खनालका अनुसार प्रतिवादी वा सरकार जसले चाहे पनि थुनछेक आदेशविरुद्ध उच्च अदालतमा पुनरावेदन गर्ने अवस्था रहन्छ । 'अदालतले लामिछानेले गोर्खा मिडिया नेटवर्कमा रहँदा सहकारीको रकम उनको खातामा आउने र अन्यमा जाने र अन्यसँगको सम्बन्धका आधारमा उनलाई कसुरदार रहेनछन् भन्ने मुनासिब कारण नदेखिएको देखिएको छ', उनले भने ।जोशी र अन्य प्रतिवादीका हकमा पनि उस्तै खालको आदेश भएको छ ।

पोखरास्थित सूर्यदर्शन सहकारीमा बचतकर्ताको रकम अनियमितता भएको प्रकरणमा १६ असोज २०८० पूर्वअध्यक्ष जीबी राई, उनका दाजु भूपेन्द्र राई, अध्यक्ष थानबहादुर बुढालगायत १९ जनाविरुद्ध कास्की अदालतमा मुद्दा दर्ता भएको थियो । पीडितले २२ माघ २०८० मा सभापति लामिछानेसहित १८ जनाविरुद्ध कास्की प्रहरीमा पूरक जाहेरी दिएका थिए ।

प्रतिनिधिसभामा नेपाली कांग्रेसले सहकारीको रकम अपचलनका विषयमा संसदीय समिति गठन गरेर छानबिन हुनुपर्ने माग निरन्तर राखेपछि १५ जेठमा सहकारी समस्याबारे छानबिन गर्न एमाले सांसद् सूर्य थापाको नेतृत्वमा संसदीय विशेष समिति गठन भएको थियो । समितिले सहकारीको रकम अपचलनमा लामिछानेसमेतलाई दोषी ठहर गर्दै ४ असोजमा सरकारलाई प्रतिवेदन बुझाएको थियो ।

प्रहरीले प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा गोर्खा मिडिया नेटवर्कका तत्कालीन संचालक जोशीलाई ६ असोजमा काठमाडौंबाट नियन्त्रणमा लिएको थियो । लामिछानेमाथि पनि सहकारीको रकम गोर्खा मिडिया नेटवर्क प्रा. लि.मा अपचलन गरेको आरोप छ ।

**रास्वपाले भन्यो, 'जय होस्'**

लमिछाने रिहा हुने सूचना पाएपछि रास्वपाका शीर्ष नेताहरू कास्की जिल्ला अदालत पुगेका थिए । कार्यबाहक सभापति डीपी अर्याल, कार्यबाहक प्रवक्ता मनीष झा, संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठ, सांसद हरि ढकालसहितका नेताहरू कास्की अदालत पुगेका थिए ।

विगत ८३ दिनदेखि हिरासतमा रहेका लामिछानेलाई अदालतले धरौटीमा रिहा गर्न आदेश दिएलगत्तै अदालत परिसरबाहिर रास्वपा कार्यकर्ता र समर्थकहरूको भीड लागेको थियो । अदालतको आदेशप्रति रास्वपा नेताहरूले सकारात्मक प्रतिक्रिया जनाएका छन् । कार्यबाहक प्रवक्ता तथा सांसद मनीष झाले सामाजिक संजालमा लेखेका छन्, 'जय होस् ।'

यस्तै, रास्वपा सांसद सोविता गौतमले सरकारले फसाउन खोजे पनि सभापति लामिछानेलाई जिल्ला अदालत कास्कीले न्याय दिएको बताएकी छन् ।

रविको पक्षमा अदालतमा वकालतसमेत गरेकी गौतमले अदालतको आदेशको स्वागत र सम्मान गर्ने उल्लेख गरिन् । 'सरकारले जबर्जस्ती बल प्रयोग गर्न खोजे पनि अदालतले स्वतन्त्र रूपमा आफ्नो भूमिका निर्वाह गरेको छ', उनले भनिन् ।

राजनीतिमा आउनुअघि टेलिभिजनकर्मी रहेका लामिछाने गोर्खा मिडिया नेटवर्कले संचालन गरेको ग्यालेक्सी फोरके टेलिभिजनका प्रबन्ध निर्देशक थिए ।

विभिन्न सहकारीबाट अवैधानिक रूपमा गोर्खा मिडियामा पुगेको बचत रकम खर्च गर्ने क्रममा प्रबन्ध निर्देशकका हैसियतमा लामिछानेको पनि संलग्नता देखिएको आरोपमा लामिछानेविरुद्ध अन्य जिल्लामा पनि अनुसन्धान भइरहेको छ ।

काठमाडौंको स्वर्णलक्ष्मी सहकारीको बचत अपचलनमा जिल्ला सरकारी वकिलको कार्यालयले लामिछानेसहितलाई विपक्षी बनाएर काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरेको छ ।

लामिछाने पोखराबाट धरौटीमा रिहा भए पनि पुनः पक्राउ पर्ने अवस्था रहेको अभियोजनकर्ताहरूले बताएका छन् ।लामिछानेलाई विपक्षी बनाएर काठमडौंमा मुद्दा दर्ता भइसके पनि चितवन, पर्सा र रुपन्देहीमा पनि उनीविरुद्ध दर्ता भएका उजुरीमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । त्यस कारण लामिछाने एउटा अदालतबाट रिहा भए पनि अर्को जिल्लाको अदालतको आदेशमा पक्राउ पर्ने सम्भावना छ ।

काठमडौंमा उनी मुछिएको स्वर्णलक्ष्मी सहकारी संस्थाको रकम अपचलनसम्बन्धी मुद्दामा थुनछेक बहस हुने छ । त्यसपछि आदेश हुने छ ।

लामिछानेलाई अन्य जिल्ला अदालतमा दर्ता भएको मुद्दा प्रक्रियाका लागि स्वयं उपस्थित हुन मिल्ने शर्तमा कास्की अदालतले हिरासतमुक्त गरेको कार्यबाहक प्रवक्ता झाले जानकारी दिए ।

यसैगरी बुटवलको सुप्रिम, चितवनको सहारा र पर्साको सानो पाइला सहकारीको रकम अपचलनसम्बन्धी पनि प्रक्रिया अगाडि बढ्ने छ ।

**दुर्गा प्रसाईं पनि रिहा**

काठमाडौं जिल्ला अदालतले विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई ३ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ ।

बिहीबार भएको थुनछेक बहसपछि अदालतका न्यायाधीश ठाकुरप्रसाद खरेलको इजलासले प्रसाईंलाई ३ लाख धरौटीमा रिहा गर्न आदेश दिएको हो ।

भारतका चर्चित गुन्डा नाइकेका रूपमा परिचित लरेन्स विस्नोईको नाममा नेपाली व्यवसायीलाई धम्क्याउँदै आपराधिक लाभ लिएको कसुरमा २४ पुसमा प्रसाईंविरुद्ध मुद्दा परेको थियो । जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले प्रसाईं र उनका ३ जना सहयोगीविरुद्ध संगठित आपराधिक लाभ (एक्सटर्सन)को कसुरमा मुद्दा दर्ता गरेको थियो ।

## साना ...

गर्छन् । स्ववियु निर्वाचनसम्बन्धी कार्यशालालाई सम्बोधन गर्दै उनले साना दलहरूलाई मर्ज हुन भनेका हुन् । उनी भन्छन्, 'मान्छेहरूले पसल खोल्न थालेका छन्, हामी चल्न दिन्नौं । अझ सुकाको छैन, रुपैयाँ हालेर कहाँ हुन्छ ।'

तर, साना दलहरू भने थ्रेसहोल्ड बढाउने सत्तारूढ दलको नीतिप्रति रुष्ट छन् ।

जनमत पार्टीका अध्यक्ष सीके राउत थ्रेसहोल्ड राख्न नहुने बताउँछन् । नेपाल जस्तो धार्मिक, भाषिक, सांस्कृतिक, भौगोलिक र जातीय विविधतापूर्ण देशमा सानोभन्दा सानो समूहको आवाजको प्रतिनिधित्व सदनमा हुनुपर्ने अध्यक्ष राउतको मत छ ।

सबै वर्ग, समुदाय र क्षेत्रले कम्तीमा आफ्ना समस्या सदनमा राख्न पाउनुपर्ने र यसअनुसार ऐन/कानुन बन्नुपर्ने उनलाई लाग्छ । उनी सामाजिक संजालमा लेख्छन्, 'सबैले आफूलाई प्रभावित कसरी गर्ने भन्ने कुरा सदनलाई बताउन सकोस् ।'

तर, यसविपरीत सरकार अगाडि बढ्न खोजेको भनेर उनले विरोध गरेका छन् । '६-७ लाख गर्दै दशौं लाख (३०-४० लाख) जनताको मतलाई खारेज गर्ने र सो हिस्सा चोर बाटोले ठूला पार्टीमा जोड्ने निर्वाचन थ्रेसहोल्डको प्रावधान आमजनतालाई स्वीकार्य हुन सक्दैन', अध्यक्ष राउतले अगाडि भन्छन्, 'हामी संघर्षका लागि तयार छौं । २ दलीय तानाशाही नेपाललाई चाहिएको छैन ।'

प्रतिनिधिसभा निर्वाचन ऐन, २०७४ मा समानुपातिक निर्वाचन प्रणालीतर्फको कुल सदर मतको ३ प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने दलका तर्फबाट मात्र उम्मेदवार निर्वाचन हुने व्यवस्था छ । अर्थात, ३ प्रतिशत मत नल्याउने दलले पाएको मतको प्रतिनिधित्व सदनमा हुँदैन ।

## टीकापुर ...

रावलका तर्फबाट १ साउन २०२८ को राजपत्रमा प्रकाशित सूचनामा यो विषय समेटिएको अख्तियारको अनुसन्धानमा खुलेको थियो ।

## इपीएस...

विषयमा आफू सकारात्मक रहेको बताएको पनि मन्त्रालयले बताएको छ ।

छनोट भएको १ वर्षभन्दा लामो समयसम्म दक्षिण कोरिया जान नपाएका भाषा परीक्षा उत्तीर्ण युवाहरूले तत्कालै रोजगारीमा जान पाउनुपर्ने माग राखेर गत सोमबार इपीएस कार्यालय घेराउ गरेका थिए । पानीजहाज कम्पनीमा काम गर्न भाषा परीक्षा पास गरेर छनोट भएका ३ हजार ५०० भन्दा बढी युवा १ वर्षभन्दा लामो समयदेखि उडानको प्रतीक्षामा बसेका छन् ।

## शोषणविरुद्ध....

म्यानपावर व्यवसायी बताउँछन् ।

हाल अमेरिकी अदालतमा मुद्दा दर्ता गर्न लागेका कामदारहरूले गत वर्ष ७ महिना बिनातलब काम गरेको, शोषण, दुर्व्यवहार र ज्याला भुक्तानी नगरेको आरोप लगाएका छन् । जापानी कम्पनीले कामदारसँग माफी मागी क्षतिपूर्ति दिनुपर्ने हलले बताएका छन् । ' अर्को हप्ता अमेरिकामा मुद्दा दायर गरिने छ', हलले भनेका छन् ।

मलेसियाको पेलाबुहान क्लांगमा रहेको कावागुचीले प्लास्टिकजन्य सामग्रीको उत्पादन गर्ने गरेको छ ।

---


**Lumbini Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Road Infrastructure Development Office

**Rukum (East)**

## Invitation for Bids

**First Date of publication: 2081-09-26 (10th January 2025)**

1. Province Government Lumbini Province has allocated funds towards the cost for improvement of provincial roads and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction and Maintenance of roads under National Competetive Bidding (NCB).
2. Road Infrastructure Development Office, Rukum (east) invites **only electronic bids** from eligible bidders for the construction of the contract mentioned in table below:

**Details of the contracts:-**

| S. N. | Name of Works | Contract ID | Estimated Amt. without VAT (Inclusive of P.S.) | Bid Doc. Fees (NRS.) | Bid Security Amt. (NRS) |
|---|---|---|---|---|---|
| 1. | Falam Pool Nirman, Puthauttarganga 10, Bachhi Gaun | RIDO/RUK/W/Ro/SQ/31/081-82 | 8,53,124.61 | 1,000 | 25,000.00 |
| 2. | Jamabagar Nayabazar Sadak Nirman | RIDO/RUK/W/Ro/SQ/32/081-82 | 7,86,450.39 | 1,000 | 25,000.00 |
| 3. | Construction of Maikot Hardibang to Ranma Jodne Sadak | RIDO/RUK/W/Ro/NCB/33/081-82 | 85,56,407.54 | 3,000 | 2,85,000.00 |
| 4. | Contruction of Naigad chargaun kukurgade arjal maikot sadak, Mahatdhara dharekhola tharpa daha sadak istaronnati puthauttarganga-8 | RIDO/RUK/W/Ro/NCB/34/081-82 | 38,51,962.72 | 3,000 | 1,30,000.00 |
| 5. | Maintenance of Sakim kada morabang sadak, dhaulapaira sakim serabang sadak, baluwa dalibang serabang kada morabang sima khabangbagar sadak | RIDO/RUK/W/Ro/NCB/35/081-82 | 38,44,298.94 | 3,000 | 1,30,000.00 |
| 6. | Satipole Hardibang Padmarga Maikot | RIDO/RUK/W/Ro/SQ/36/081-82 | 8,46,060.48 | 1,000 | 25,000.00 |
| 7. | Yamakhar Danbir Tatopani Muhan Reling Sidhi Nirman, Putha-2, Rukum East | RIDO/RUK/W/Ro/NCB/37/081-82 | 34,23,079.48 | 3,000 | 1,15,000.00 |
| 8. | Construction of Lukum Ruji Khola Rolpa Gurashe sadak Nirman | RIDO/RUK/W/Ro/NCB/38/081-82 | 85,60,963.54 | 3,000 | 2,85,000.00 |

3. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulations will be uploaded in E-procurement section of PPMO's Website http://www.bolpatra.gov.np/egp. and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
4. For further information visit PPMO´s website http://www.bolpatra.gov.np/egp.

**Office Chief**

# 'प्रधानमन्त्रीको अभिव्यक्तिबारे कांग्रेसले विचार गर्नुपर्छ'



**बर्दिया/मस-** कांग्रेस नेता एनपी साउदले प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधनबारे दिएको अभिव्यक्ति दुई दलबीचको सहमति सहमतिविपरीत रहेको टिप्पणी गरेका छन् ।

बर्दियामा बिहीबार आयोजित कार्यक्रममा पूर्वपरराष्ट्रमन्त्रीसमेत रहेका नेता साउदले प्रधानमन्त्री ओलीको पछिल्लो अभिव्यक्ति र गठबन्धनको औचित्य तथा सान्दर्भिकताका विषयमा कांग्रेसले सोच्न आवश्यक रहेको बताए ।

'हामीले गठबन्धन गर्दा नै संविधानमा केही-कमजोरी देखिएका छन् । यसलाई संशोधन गर्ने बुँदा राखिएको छ र प्रतिबद्धता व्यक्त गरेका छौं,' साउदले भने, 'तर, यही सहमतिमा प्रतिबद्धता व्यक्त गरेका प्रधानमन्त्रीले नै २०८७ मा संशोधन गर्ने जुन अभिव्यक्ति दिनुभएको छ, यो सरकार गठनका लागि भएको सहमति विपरीत छ ।'

यसकारण गठबन्धनको औचित्य र सान्दर्भिकताका विषयमा कांग्रेसले सोच्न आवश्यक भएको उनले बताए ।

सरकारलाई जनताका समस्या समाधानका लागि केन्द्रित हुन आग्रह गर्दै उनले जनताले महसुस हुने गरी सुशासनको प्रत्याभूति दिलाउने गरी सरकारले काम गर्नुपर्नेमा जोड दिए ।

'अहिले कांग्रेस पनि सामेल भएको सरकारले जनताका समस्या समाधानका लागि केन्द्रित हुनुपर्छ । अहिले पनि भ्रष्टाचार नियन्त्रण हुन सकिरहेको छैन,' साउदले भने, 'जनताले महसुस हुने गरी सुशासनको प्रत्याभूति दिलाउने गरी सरकारले काम गर्नुपर्दछ । विकास बजेटको पनि सन्तुलित वितरण र सदुपयोग हुन सकेको छैन ।'

कांग्रेसको कार्यदिशा जनताका अपेक्षा र देशका समस्या समाधान गर्ने भए पनि त्यस्तो हुन नसकेको साउदको भनाइ थियो । 'पार्टीको एकल सरकार बनाउन सकेका छैनौं । गठबन्धनको संस्कृतिले पार्टीलाई काँध हाल्ने कुरा मात्रै भएको छ,' उनले भने, 'हाम्रो पार्टीको कार्यदिशा भनेको जनताका अपेक्षा र देशका समस्या समाधान गर्ने हो । तर, अहिले त्यस्तो हुन सकेको छैन ।'

साउदले पार्टीको १५ औँ महाधिवेशन २०८४ को निर्वाचन अगाडि नै हुनुपर्ने बताए । 'पार्टीको महाधिवेशन २०८४ को निर्वाचन अगाडि हुन्छ र हुनुपर्छ,' उनले भने, 'पार्टीको विधानले नै तय गरेको विषयमा अन्योल हुनुपर्ने विषय छैन ।'

१४ औँ महाधिवेशनले पार्टीलाई नयाँ दिशामा अघि बढाउने र गुटगत राजनीति अन्त्य गर्ने सन्देशसहितको नतिजा दिए पनि अहिले हेर्दा पार्टीको जिम्मेवारीमा रहेका व्यक्तिहरूबाट नै गुटबन्दी चलिरहेको भन्दै साउदले सुधार गर्न आवश्यक रहेको बताए ।

कांग्रेस केन्द्रीय सदस्य डा. डिला संग्रौलाले एमालेसँग सत्ता सहकार्य भए पनि कांग्रेसको प्रतिस्पर्धा पनि एमालेसँग नै हो भन्ने बिर्सन नहुने बताइन् । उनले समयमै १५ औँ महाधिवेशन हुनुपर्नेमा जोड दिँदै महाधिवेशनका लागि सदस्यता नवीकरण प्रक्रियालाई समयमै सम्पन्न गर्नुपर्ने बताइन् ।

# लोकप्रिय मत ल्याउने दलले ५ वर्ष सरकार चलाउन पाउनुपर्छ : पोखरेल



**काठमाडौं/मस-** एमालेका महासचिव शंकर पोखरेलले पनि निर्वाचनमा लोकप्रिय मत ल्याउने दलले ५ वर्ष सरकार चलाउन पाउनुपर्ने बताएका छन् ।

पार्टीको भातृ संगठन अनेरास्ववियुले स्ववियु निर्वाचनको सन्दर्भमा पार्टी मूख्यालय च्यासलमा गरेको कार्यशालामा बोल्दै उनले राजनीतिक स्थिरताका लागि ५ वर्ष एउटै दलले शासन गर्न पाउनुपर्ने बताएका हुन् ।

'निर्वाचनका माध्यमबाट चाहे कांग्रेसले,चाहे एमालेले वा जसले लोकप्रिय मत प्राप्त गर्छ, ५ वर्षसम्म त्यसैले शासन गर्न पाउनुपर्दछ । सानातिनाको भारी बोकेर देशलाई अस्थिर बनाउने कुरा अब सोझै अन्त्य हुनुपर्दछ भन्ने मान्यताका आधारमा हामीले राजनीतिक स्थायित्वतर्फ अगाडि बढ्न मिलेका छौं' उनले भने ।

यसअघि सत्तारुढ दल नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पनि सोही प्रस्ताव राखेका थिए । केही दिन अघि पोखरामा आयोजित एक कार्यक्रममा महामन्त्री थापाले संविधान संशोधन गर्दा निर्वाचनमा लोकप्रिय मत ल्याउने दललाई ५ वर्ष नै सरकारको नेतृत्व दिनुपर्ने प्रस्ताव गरेका थिए ।

तर, कांग्रेसका दुई महामन्त्रीको प्रस्तावप्रति कांग्रेसका नेता डा. मीनेन्द्र रिजालले भने प्रतिवाद गरेका छन् । गत मंगलबार एक कार्यक्रममा बोल्दै रिजालले प्रत्यक्ष निर्वाचित कार्यकारी र सबैभन्दा धेरै मत पाउने पार्टीले ५ वर्ष निरन्तर सत्ता चलाउन पाउनुपर्ने जस्तो प्रस्ताव स्वीकार गर्न नसकिने बताएका थिए ।

# 'हेल्लो हेल्थ'बाट १३० गुनासा सम्बोधन



**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सञ्चालन गरेको गुनासो सुनुवाइ एकाइ 'हेल्लो हेल्थ'ले एक सय ३० गुनासो सम्बोधन गरेको छ । नागरिकबाट प्राप्त ती गुनासाहरु रेकर्ड गरेर आवश्यकताका आधारमा तत्काल तथा नीतिगत सुधारका विषय मन्त्रालयमा रिपोर्टिङ गरिएको एकाइ प्रमुख डाक्टर अनुप बास्तोलाले बताए ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले मन्त्रालय मातहत तथा समग्रमा स्वास्थ्य क्षेत्रमा देखिएका समस्या संकलन तथा समाधान गर्ने उद्देश्यले गत महिना एकाइ गठन गर्ने निर्णय गरेका थिए । पैसा नलाग्ने नम्बर ११११५ तथा मन्त्रालयको ह्वाट्सएप र भाइबर नम्बर ९८५१३३०५९२ का साथै मन्त्रालयको आधिकारिक फेसबुक र एक्स ह्याण्डलमा गएर सेवा सम्बन्धमा गुनासो तथा जानकारी दुवै लिने प्रबन्ध गरिएको छ । एकाइमा गत पुष ९ गतेसम्म प्राप्त विवरण अनुसार सबैभन्दा धेरै गुनासा अस्पताल सेवासँग सम्बन्धित ४१ दर्ता भएका छन् । यसैगरी बीमा सेवा २५, पारिश्रमिकसम्बन्धी १४, प्रशासनिक १५, पारिश्रमिकसँग सम्बन्धित १४ गुनासा दर्ता भएका छन् ।सुझाव सम्बन्धी ८ तथा अन्य २१ गुनासा दर्ता भएकामा आवश्यकताअनुसार तत्काल तथा प्राथमिकता दिएर सम्बोधन गरिएको एकाइ प्रमुख बास्तोलाले जानकारी दिए । यसअघि भइरहेको रोग तथा खोपसम्बन्धी जानकारी लिने दिने काम पनि एकाइले गरिरहेको बताए ।

मन्त्री पौडेलले आम नागरिकको चाहनाअनुसार स्वास्थ्य सेवा सुधार गर्ने क्रममा गुनासो सुन्दै सुनुवाइसमेत गर्ने गरी आवश्यक परे नीतिसम्बन्धी सुधार समेत गर्न सक्ने उद्देश्यले एकाइ गठन गरिएको बताए । 'आम नागरिकलाई आफ्ना गुनासा भन्ने ठाउँ उपलब्ध होस् भनेर एकाइ गठन गरिएको हो । आएका गुनासा हरसम्भव सम्बोधनको प्रयास भइरहेको छ । तपाईंका गुनासा निर्धक्कसँग राख्नुस्', उनले भने । उनले नागरिकका धेरै समस्या परेका विषय नीतिगत सुधार आवश्यक परे गर्न तयार रहेको पनि बताए । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले पैसा नलाग्ने र गुनासा समेत सम्बोधन हुने भएकाले हेल्लो हेल्थमा गुनासा राख्न आग्रह गरे ।

# एनसीडीए मोरङद्वारा निःशुल्क आँखा शिविर, ११० जना लाभान्वित



**मध्यान्ह संवाददाता**
विराटनगर, २५ पुस

औषधि व्यवसायी संघ मोरङ शाखाले निःशुल्क आँखा शिविर तथा औषधि वितरण कार्यक्रम सम्पन्न गरेको छ ।

सघंले बिहीबार नेपाल औषधि व्यवसायी सघंका सस्थापक सदस्य तत्कालिन मेची कोशी, सगरमाथा अञ्चलका संस्थापक अध्यक्ष लक्ष्मीनाथ उप्रेतीको ३१ औं स्मृति दिवसको अवसर पारेर औषधि व्यवसायी संघ मोरङ शाखाले निःशुल्क आँखा शिविर तथा निःशुल्क औषधि वितरण गरेको हो ।

औषधि व्यवसायी संघ मोरङ शाखाका अध्यक्ष देशबन्दु ढकालले २०३० सालबाट संस्थापक अध्यक्ष लक्ष्मीनाथ उप्रेतीको अभिभावकत्व र उहाँले देखाएको बाटो पहिल्याउँदै संघ यहाँसम्म आइपुगेको बताउँदै उहाँको सम्झनामा आँखा शिविर आयोजना गरिएको बताए ।

विराटनगरको असोक चोकस्थित विराटेश्वर बृद्धाश्रममा आयोजित उक्त शिविरमा १ सय १० जना स्थानीयबासीले निःशुल्क आँखा जाँच गराएका छन् । जसमा २५ जनामा मोतियाबिन्दु, ५ जनाको आँखामा मासु पलाउने समस्या देखिएको र अन्य सेवाग्राहीहरुमा आँखाको एलर्जी र पावरको समस्या देखिएको सघंका अध्यक्ष ढकालले जानकारी दिए ।

उक्त शिविरमा रामलाल गोल्छा आँखा अस्पतालका नेत्ररोग विशेषज्ञ डा.राजेश यादव लगायतको टोलीले बिरामीहरुको आँखा परीक्षण गरेका थिए ।

उक्त शिविरमा सघंका केन्द्रीय सदस्य प्रदिप कुमार दास, मोरङ शाखाका निवर्तमान अध्यक्ष लक्ष्मीनाथ तिम्सिना, बिराटेश्वर बृद्धाश्रमका संस्थापक अध्यक्ष जगत अर्याल लगायतको उपस्थिति रहेको थियो ।

# विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका परिमार्जन



**काठमाडौं/मस-** सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी नै स्वास्थ्यदूत (हेल्थ एम्बेसडर) बन्ने भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम निर्देशिका २०८१ मा यस्तो व्यवस्था गरिएको हो । विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रोत्साहन गर्न नयाँ निर्देशिकामा स्वास्थ्य दूत र स्वास्थ्य प्रवर्द्धनात्मक मापदण्ड थप गरिएको मन्त्रालयले जनाएको छ ।

निर्देशिकाअनुसार विद्यालयले कक्षा ७ वा ८ मा अध्ययनरत एक छात्र र एक छात्रा हेल्थ एम्बेसडर तोक्नुपर्नेछ । विद्यार्थी संख्या पाँच सयसम्म भए दुईजना र सोभन्दा बढी भए विद्यार्थी अनुपातका आधारमा थप्न सकिने निर्देशिकामा उल्लेख छ ।

हेल्थ एम्बेसडरले रोलमोडलका रूपमा आफूलाई स्थापित गर्नुपर्नेछ । उसलाई सोहीअनुरूपको भूमिका दिइनेछ । विद्यार्थीको प्रत्यक्ष सहभागितामा विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवालाई थप प्रभावकारी बनाउन हेल्थ एम्बेसडरको अवधारणा राखिएको स्वास्थ्य सेवा विभागअन्तर्गतको नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा प्रमुख हिराकुमारी निरौला बताउँछिन् ।

उनीहरू विद्यालय स्वास्थ्य एकाइमा समेत सदस्य रहनेछन् । हेल्थ एम्बेसडरलाई विद्यालय नर्सको सहकार्य र समन्वयमा बृहत् यौनिकता शिक्षा, पोषण, खोप, किशोर-किशोरीको प्रजनन स्वास्थ्य तथा स्वास्थ्यसम्बन्धी सामग्रीबारे सूचना प्रवाह गर्ने जिम्मेवारी दिइनेछ ।

उनीहरूले विद्यालयको प्रार्थना समय (एसेम्ब्ली)मा आवश्यकताअनुसार एक मिनेट स्वास्थ्यसम्बन्धी जानकारी दिनुपर्ने, विपद् प्रकोपसम्बन्धी नाटक प्रदर्शनी, हाजिरी-जवाफलगायत सचेतना कार्यक्रम सञ्चालनमा सहयोग गर्नुपर्नेछ । त्यसैगरी, विद्यालय पोषण कार्यक्रममा प्रत्यक्ष सहभागी भई कार्यक्रमको योजना बनाउने, हेल्थ क्याम्पमा सहयोग गर्नेजस्ता जिम्मेवारी पनि दिइनेछ । विद्यालयले उनीहरूलाई विभिन्न तालिम तथा कार्यक्रममा सहभागी गराई अभिमुखीकरणमा सहयोग गर्नुपर्नेछ ।

विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम निर्देशिका २०८१ मा स्वास्थ्य प्रवर्द्धनात्मक विद्यालय प्रमाणीकरण गर्ने व्यवस्था गरिएको छ । विश्व स्वास्थ्य संगठनको अवधारणाअनुसार आठवटा मापदण्ड तोकी त्यसभित्र फरक-फरक सूचक समावेश गरिएको छ ।

जसमा राष्ट्रिय नीति तथा स्रोत सुनिश्चितता, विद्यालय नीति, सुशासन र नेतृत्व, साझेदारी र समन्वय, पाठ्यक्रम, सामाजिक भावनात्मक वातावरण, भौतिक वातावरण र विद्यालय स्वास्थ्य सेवालाई आधार बनाइएको छ ।

विद्यालय सुरक्षित, स्वस्थ र सिकाइमैत्री हुनुपर्ने, भौतिक तथा भावनात्मक आधारमा विद्यार्थीमैत्री हुनुपर्ने, पिउने पानी, सरसफाइ, अपांगमैत्री भौतिक पूर्वाधार, योग ध्यान खेलकुदका सामग्री र मैदान, विपद् महामारी आदिबारे दूरशिक्षा, बालबालिकामैत्री स्वास्थ्य सेवालगायत सूचक समेटिएको छ ।

निर्देशिकाअनुसार विद्यालयले हरेक मापदण्डमा ६० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ । ६० प्रतिशत अंक पाउने विद्यालयलाई स्वास्थ्य प्रवर्द्धनात्मक विद्यालयको प्रमाणपत्र दिइने महाशाखा प्रमुख निरौलाले बताइन् ।

निर्देशिकामा उल्लेखित मापदण्डले विद्यालय स्वास्थ्य सेवा कार्यक्रमलाई थप प्रभावकारी बनाउने उनको विश्वास छ । हाल देशभरका एक हजार ३८६ वटा सामुदायिक विद्यालयमा यो कार्यक्रम लागु भएको छ । मन्त्रालयले संस्थागत विद्यालयलाई समेत कार्यक्रम लागु गर्न निर्देश गरेको भए पनि हालसम्म निजी विद्यालय भने उल्लेख्य रूपमा सहभागी भएका छैनन् ।

# बिनादर्ताका औषधि विक्री गर्नेलाई कारबाहीको चेतावनी




**काठमाडौं/मस-**औषधि व्यवस्था विभागले विनादर्ताका औषधि विक्री-वितरण गर्ने विक्रेतालाई कारबाहीको चेतावनी दिएको छ । ाहारपूरक तथा सौन्दर्यका प्रसाधन समेतको रूपमा यस्ता औषधि बिक्री-वितरण भइरहेको अनुगमनका क्रममा पाइएको विभागले जनाएको छ ।

विभागमा दर्ता नभएका, तर मिल्दोजुल्दो नाम भएका औषधि आयात र फार्मेसीमार्फत नै वितरण भइरहेको अनुगमनबाट देखिएको छ । विभागले प्रतिबन्धित गरेका सम्मिश्रण भएका औषधि चित्सिकले नै सिफारिस गरेको पनि पाइएको छ । यसअघिका अनुगमनबाट पाइएका अवैध औषधि आयातकर्ता र विक्रेताविरुद्ध सर्वोच्च अदालतमा नै मुद्दा विचाराधीन रहेकाले अब यस्ता कार्य नगर्न विभागको निर्देशन छ । निर्देशन अटेर गर्ने विक्रेता, आयातकर्तालाई औषधि ऐन २०३५ अनुसार कारबाही गरिने विभागको चेतावनी छ ।


## युएईमा रोजगार

कम्पनी: EITR ALWARD TECHNICAL SERVICES L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/२५ — चलानी नं.: ६०२३११३८ — L.T. No.: 316882

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A/c Technicial/machanic | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Air Conditioning Technicians | 30 | 0 | | 1200 | ४४,७८४ | | | | | | | |
| 3. | Carpenter (Form Work) | 20 | 0 | | 1200 | ४४,७८४ | | | | | | | |
| 4. | Electronic Equi. Labour | 10 | 0 | | 1200 | ४४,७८४ | | | | | | | |
| 5. | Maintenance Assistant/maintenance Mechanic Assistant | 20 | 0 | | 1200 | ४४,७८४ | | | | | | | |
| 6. | Plumber /pipe Fitter | 20 | 0 | | 1200 | ४४,७८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ४ गते (17 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०
श्रम ईजाजत नं.: ७४१/०६४/०६५

## साउदीमा रोजगार

कम्पनी: RAYA AL-TARIQ PROVIDING MEALS EST. — शहर: AL RIYADH
पुर्व स्वीकृत मिति: २०८१/०९/२५ — चलानी नं.: ६०२३१११३ — L.T. No.: 316942

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: BEIT QARMSHA CATERING EST. शहर: AL RIYADH पुर्व स्वीकृत मिति: २०८१/०९/२४ चलानी नं.: ६०२३१११४ L.T. No.: 316821

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३६,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ४ गते (17 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ईमास्को नेपाल प्रा. लि.
गोंगबु, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७०८, ४३५७७०८
फ्याक्स नं.: ४३५७७०८, Mob.: 9843198890, 9803140917
श्रम ईजाजत नं. ११७/०५५/०५६

## Temkemaiyung Rural Municipality
## Office of Rural Municipal Executive
Annapurna, Bhojpur
Koshi Province, Nepal

### Invitation for Bids

Date of Publication: 2081-09-26 (2025-01-10)

1. Temkemaiyung Rural Municipality invites sealed quotation from Nepalese eligible bidders for the following works under Sealed Quotation bidding procedures specified in Public Procurement Act and Regulations. Bidding is open for all eligible Nepalese Bidders.

| S. N. | Contract ID. No. | Description of work | Estimated Amount (NRs) (With VAT) | Cost of Bid Document | Bid Security Amount | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1. | 07/BHO/TRM/ROAD/SQ/081/82 | Dorasa Wadungla Road Construction Work, Temkemaiyung RM-02 | NRs. 19,39,450.84 | NRs. 1,000.00 | NRs. 50,000.00 | 45 days | 75 days |

2. Sealed bids must be submitted to the office Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur by hand on or before 12:00 hour on 2081-10-13 (2025-01-26). Bid received after this deadline will be rejected.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur, E-mail address:- ito.temkemaiyungmun@gmail.com, Contact Numbers: 9841982509, 9842099571

Chief Administrative Officer

मध्यान्ह
www.madhyanhadaily.com
२६ पुस २०८१ शुक्रबार
10 January 2025, Friday

## सम्पादकीय

# कसका लागि संविधान संशोधन ?

संविधान संशोधनको एजेन्डाले राष्ट्रिय राजनीति फेरि एक पटक तातिएको छ। संविधान संशोधनकै विषयलाई लिएर एकसाथ अनेक घटनाक्रम विकसित भइरहेका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्तिका कारण अर्को सत्ता साझेदार नेपाली कांग्रेसका नेताहरूले आपत्ति जनाइरहेका छन्। प्रधानमन्त्री ओलीले आफू नेतृत्वको नेकपा एमालेको केन्द्रीय कमिटी बैठकमा संविधान संशोधनबारे बोलेका थिए। संसद्को गणितकै कारण २०८७ सालमा मात्र संविधान संशोधन हुने प्रधानमन्त्री ओलीको अभिव्यक्ति थियो। प्रधानमन्त्रीको वक्तव्यलाई लिएर कांग्रेसका नेताहरूले आपत्ति जनाउने र एमालेका नेताहरूले प्रतिवाद गर्ने गरिरहेका छन्। तर, प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओली र कांग्रेसका सभापति शेरबहादुर देउवाले यसबारे कुनै प्रतिक्रिया जनाएका छैनन्।

विपक्षी दलहरू पनि संविधान संशोधनकै एजेन्डा वरिपरि निर्णय गरिरहेका छन्। प्रमुख विपक्षी नेकपा (माओवादी केन्द्र)ले संविधान संशोधनबारे पार्टी केन्द्रीय कमिटीबाटै निर्णय गरिसकेको छ। पार्टी बैठकमा नेताहरूसँग संविधान संशोधनका अन्तर्वस्तुबारे राय लिएको माओवादीले समाजवादी मोर्चा निर्माणलाई अगाडि बढाएको छ। नेकपा (एकीकृत समाजवादी), जसपा नेपाल, नेसपालगायतसँग मोर्चाबारे छलफल बाक्लो बनाउनुमा संविधान संशोधनकै एजेन्डा देखाइएको छ। मोर्चामार्फत संविधानका अन्तर्वस्तु उठाउनु प्रभावकारी हुने निष्कर्ष विपक्षीहरूमा देखिन्छ। राप्रपा, राप्रपा नेपाल अनि जातीय एवं क्षेत्रीय शक्तिहरूले यो संविधान जारी गर्दा नै असन्तुष्टि जनाएका थिए। संविधानप्रतिको असहमतिमै नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी जस्ता शक्तिको जन्म भएको हो। रास्वपाले अप्रत्यासित मत पाउनुमा पनि संविधानप्रतिको समेत असन्तुष्टि कारण थियो।

त्यसैले संविधान संशोधनप्रति लगभग सबै दलको सहमति छ। तर, संविधानका अन्तर्वस्तुमा समानता छैन। यो विषयको उठानसमेत सही तरिकाले भएको छैन। सत्ता परिवर्तन गर्ने सन्दर्भमा कांग्रेस–एमालेका नेताहरूले संविधान संशोधनको विषय प्रवेश गराएका थिए। अर्थात् ७ बुँदे सहमतिमार्फत कांग्रेस–एमालेले अगाडि बढाएको संविधान संशोधनको प्रस्ताव सिंगो राजनीतिको एजेन्डा बन्न पुगेको छ। तर, संविधान संशोधनको आवश्यकताबारे कसैले पनि बलियो बहस गरेका पाइँदैन जबकि कमजोर वर्ग अनि विभेदमा पर्दै आएका मानिसहरूको उत्थान र विकासका निम्ति संविधान संशोधनको अन्तर्वस्तु केन्द्रित हुनुपर्ने हो। तर, संविधान निर्माणका बेला जस्तै संशोधनमा पनि दलहरूले राजनीतिक स्वार्थ केन्द्रित अडान लिइरहेका छन्। त्यसैले अन्तर्वस्तु केन्द्रित नभएर अमूर्त कुरा गरिरहेको सहज अनुमान लगाउन सकिन्छ।

# विपद्पश्चात्को पुनर्निर्माण र पुनर्स्थापना

अग्रलेख



● रामबहादुर के. सी.

विपद् प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपजन्य घटना हो, जसले दैनिक जनजीवन छिन्नभिन्न हुने अवस्था सिर्जना गर्छ र ठूलो धनजनको क्षति गराउँछ। नेपाल बहुप्रकोपको दृष्टिकोणबाट अतिसंवेदनशील विपद् जोखिम क्षेत्रको रूपमा रहेको छ।

नेपाल विश्वमा भूकम्पबाट ११औं अतिजोखिम, बाढी र पहिरोबाट ३० औं अतिजोखिम, जलवायु परिवर्तनबाट चौथो अतिजोखिम र बहुप्रकोपबाट २०औं अतिजोखिम मुलुकको रूपमा रहेको छ। वार्षिक रूपमा विपद्जन्य घटनाका कारण नेपालको कुल गार्हस्थ्य उत्पादन २ दशमलव ५ प्रतिशतसम्म नोक्सान हुने गरेको छ।

नेपालमा विपद्जन्य घटनामा परी वार्षिक प्रतिलाखमा १ दशमलव ७ जना व्यक्तिको मृत्यु हुने गरेको छ भने प्रतिहजार घर परिवारमा १७ दशलमव १ घर परिवार विपद्जन्य घटनाबाट प्रभावित हुने गरेको तथ्यांक छ।

संविधानमा राज्यका नीतिअन्तर्गत प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोगसम्बन्धी नीतिमा जलउत्पन्न प्रकोप नियन्त्रण गर्ने, प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्नेजस्ता नीतिगत व्यवस्था गरिएको छ।

संविधानको अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार सूचीमा प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभसम्बन्धी अधिकारको व्यवस्था रहेको, संविधानको अनुसूची ८ मा विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकारको रूपमा व्यवस्था गरिएको र संविधानको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीअन्तर्गत पनि विपद् व्यवस्थापनको अधिकार समावेश गरिएको अवस्था छ। १६औं आवधिक योजना (आर्थिक वर्ष २०८१/०८२-२०८५/०८६) को समष्टिगत रणनीतिमा विकासका सबै क्षेत्र र आयाममा विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने रणनीति उल्लेख गरिएको छ भने संरचनागत रूपान्तरणका प्रमुख क्षेत्रमा जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्रसहित विपद् उत्थानशीलताका विषय समेटिएका छन्।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ मा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्यहरू, नीति, नीति कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्यांकनसम्बन्धी व्यवस्था गर्दै सोको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा व्यवस्था गरेबमोजिम आवश्यक संरचना निर्माण गर्ने उल्लेख छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा विपद् व्यवस्थापनसम्बन्धी कार्यलाई प्रभावकारी रूपमा संचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, परिषद्बाट स्वीकृत नीति तथा योजनाको कार्यान्वयन गर्ने, गराउने कामसमेतका लागि गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समिति, आवश्यकताअनुसार विशेषज्ञ समिति, विपद् व्यवस्थापनसम्बन्धी क्रियाकलापको प्रभावकारी रूपमा संचालन तथा व्यवस्थापन गर्नका लागि गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिलगायतका संयन्त्रहरूको व्यवस्था गरिएको छ।

विपद् व्यवस्थापनका लागि केन्द्रीय विपद् व्यवस्थापन कोष, प्रदेश विपद् व्यवस्थापन कोष र स्थानीय विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको छ। यो ऐन कार्यान्वयन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को व्यवस्था रहेको छ भने दर्जनौं कार्यविधि, मापदण्ड एवं कार्ययोजनासमेत व्यवस्था गरिएका छन्।

सेन्डाई कार्यढाँचा, २०१५-२०३० ले ४ वटा प्राथमिकता क्षेत्रहरू तोकी विपद् व्यवस्थापनमा समाजका सबै तहको सहभागितालाई सुनिश्चित गर्दै विपद् उत्थानशील समुदाय र राष्ट्रको विकास गर्ने लक्ष्य लिएको छ। नेपालले पनि विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचाको पक्ष राष्ट्र भएकाले यसको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३० तयार गरेको छ।

भू तथा जलाधार संरक्षण ऐन, २०३९ ले बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्नेसम्बन्धी कानुनी व्यवस्था गरेको छ। जलस्रोत ऐन, २०४९ मा जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्नेगरी गर्नुपर्ने व्यवस्था गरिएको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहको काम, कर्तव्य र अधिकारभित्र विपद् व्यवस्थापनसम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा भवन ऐन, २०५५, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (पहिलो संशोधन, २०७५), विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (संशोधन, २०७६), प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष संचालन नियमावली, २०६३ लगायतका नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ।



*अहिलेको प्रमुख सवाल, समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणालाई कसरी व्यवहारमा लागू गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन चक्रका सबै चरणमा समुदायको सक्रिय र अर्थपूर्ण सहभागिता सुनिश्चित गरी विपद्बाट हुने सबै किसिमका क्षति न्यूनीकरण गर्दै विपद् उत्थानशील नेपाल निर्माण गर्ने भन्ने नै हो...*

सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको ७०औं महासभाले सन् २०१६-२०३० सम्मका लागि १७ वटा दिगो विकास लक्ष्यहरू तय गरेकामा नेपालले देशको समावेशी दीर्घकालीन विकासका लागि उक्त लक्ष्यहरूलाई आत्मसात् गरेको छ।

२३ कात्तिक २०७९ बिहान डोटीको पूर्वीचौकी- ३ को गैरागाउँ केन्द्रबिन्दु बनाएर गएको ६ दशमलव ६ म्याग्निच्युडको भूकम्पमा परी ६ जनाको मृत्यु र ८ जना घाइते, १६ असोज २०८० दिउँसो बझाङको चैनपुर केन्द्रबिन्दु भएर गएको ६ दशमलव ३ म्याग्निच्युडको भूकम्पमा परी १ जनाको मृत्यु र १२ जना घाइते, १७ कात्तिक २०८० मा जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको ६ दशमलव ४ म्याग्निच्युडको भूकम्पमा परी १५४ जनाको मृत्यु र २०८१ सालको मनसुनजन्य विपद्मा परी ४९५ जनाको मृत्यु र ६६ जना बेपत्ता भएका थिए भने करिब १ लाख १५ हजार निजी आवास क्षतिग्रस्त भएका थिए।

माथि उल्लेखित विपद्जन्य घटनाका पीडितलाई अस्थायी आवास निर्माणका लागि अधिकांश पालिकामा पहिलो किस्ता र आंशिक पालिकाहरूमा दोस्रो किस्ताको रकम पठाउनेबाहेक विपद्पछिको पुनर्निर्माण र पुनर्स्थापनाको कार्यले अपेक्षित गति लिन सकेको छैन। देश संघीय संरचनामा रूपान्तरित भइसकेको सन्दर्भमा अहिले पनि केन्द्रिकृत सोच र प्रवृत्तिमा काम गर्न खोज्ने परिपाटीका कारण विपद् पश्चात्को पुनर्निर्माण र पुनर्स्थापनाले गति लिन सकेको छैन। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट कार्यकारी परिषद्मा प्रस्तावित पश्चिम नेपाल भूकम्प तथा २०८१ सालको मनसुनजन्य विपद्पश्चात्को पुनर्लाभ योजना, २०८१/०८२-२०८३/०८४ मा उल्लेख भएअनुसार २०७९ सालदेखिका विभिन्न पटकका भूकम्प र मनसुनको क्षतिको पुनर्निर्माण एवं पुनर्स्थापना गर्न करिब ९८ अर्ब ६५ करोड बजेट आवश्यक पर्ने अनुमान गरिएकामा क्षतिग्रस्त करिब १ लाख १५ हजार निजी आवास प्रबलीकरण एवं पुनर्निर्माणका लागि करिब ३९ अर्ब ५७ करोड लाग्ने देखिएको छ।

पुनर्निर्माणका लागि निजी आवासबाहेक सडक, पुल तथा यातायात, सरकारी भवन तथा शहरी पूर्वाधारलगायतका क्षेत्रहरू पहिचान गरिएका छन्।

हालै, नेपाल सरकार मन्त्रिपरिषद्बाट पारित विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ मा सबै प्रकारका सहायता स्थानीय विपद् व्यवस्थापन कोषमार्फत परिचालन गर्ने, स्थानीय तहले कुनै पनि विपद्पश्चात् स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयका आधारमा विपद्को घटना भएको ३० दिनभित्र विस्तृत क्षति तथा आवश्यकता लेखाजोखा गरिसक्नुपर्ने र उक्त कार्य स्थानीय तहले स्थानीय संघसंस्था वा करार सेवाबाट सम्पादन गराउन सक्ने एवं राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राविधिक सहायता लिन सक्ने व्यवस्था गरेको छ।

यसमा गत २१ पुसमा पारित विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ (पहिलो संशोधन, २०८१)ले थप विषयलाई सम्बोधन गरेको छ, जसमा क्षति तथा नोक्सानीको प्रारम्भिक लेखाजोखा गर्ने, विपद् प्रभावित निजी आवासको विस्तृत क्षति आँकलन गर्ने, लाभग्राही पहिचान र कायम गर्ने, साझेदारीमा अनुदान उपलब्ध गराउने, अनुदान सम्झौताको प्रक्रिया, अनुदान रकम, बस्ती स्थानान्तरणका विषयलगायतबारे स्पष्ट व्यवस्था छ।

अहिलेको प्रमुख सवाल, समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणालाई कसरी व्यवहारमा लागू गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन चक्रका सबै चरणमा समुदायको सक्रिय र अर्थपूर्ण सहभागिता सुनिश्चित गरी विपद्बाट हुने सबै किसिमका क्षति न्यूनीकरण गर्दै विपद् उत्थानशील नेपाल निर्माण गर्ने भन्ने नै हो।

विपद् पूर्व, विपद् अवधिभर तथा विपद् पछिको समयमा सक्रिय सामुदायिक सहभागिताले विपद्बाट हुने समग्र मृत्यु दरमा उल्लेख्य कमी ल्याउनुका साथै स्रोत साधनको प्रयोगमा समेत सुधार ल्याएको प्रमाणहरूले देखाउँछन्। यदि कुनै समुदाय विपद् आउनुभन्दा अघि पूर्ण तयारीमा रहेको खण्डमा विपद्को प्रभावमा कमी आई उल्लेख्य रूपमा घाइते तथा मृत्यु हुनेको संख्या, पूर्वाधार विनाश, धनजनको क्षतिमा कमी आउने, यदि समुदाय स्वयम् बाहिरबाट आउने सहयोगमा भर नपरी सक्रिय र पूर्ण रूपमा संगठित भई सक्षम हुने हो भने अधिकांश विपद्बाट सिर्जित तथा सिर्जना हुन सक्ने स्वास्थ्य तथा जीवन निर्वाहसम्बन्धी समस्याहरू समुदायले नै समाधान गर्न सक्छ। समुदायद्वारा के स्वीकार गरिन्छ भन्ने कुरा समुदायलाई के आवश्यक छ भन्ने कुराभन्दा महत्त्वपूर्ण हुन्छ।

पछिल्लो पटक प्राधिकरणको नेतृत्वमा तयार भई राष्ट्रिय परिषद्मा पेस भएको पश्चिम नेपाल भूकम्प तथा २०८१ सालको मनसुनजन्य विपद् पश्चातको पुनर्लाभ योजना, २०८१/८२-२०८३/०८४ यथाशीघ्र पारित गरी पुनर्निर्माण र पुनर्स्थापनाको कार्यलाई तीव्रता दिनु आवश्यक छ। विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ मा उल्लेखित प्रावधानको आधारमा प्राधिकरणको नेतृत्वमा सम्बन्धित गाउँ/नगरपालिकाहरूमा कार्यरत जनशक्तिको अधिकतम परिचालन गरी पुनर्निर्माण एवं पुनर्स्थापनाका बाँकी कार्यहरू यथाशीघ्र सुरु गरी सम्पन्न गर्नुपर्छ।

**(लेखक के. सी. हाल राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा उपसचिव पदमा कार्यरत छन्।)**

## इतिहासमा आज

१० जनवरी १८६३ मा बेलायतको लन्डनमा विश्वको पहिलो भूमिगत रेल सेवा सुरु भएको थियो।




१० जनवरी १९२० मा वार्सा सन्धि आधिकारिक रूपमा प्रभावमा आएपछि पहिलो विश्वयुद्ध अन्त्य भएको थियो।



१० जनवरी १९४६ मा लन्डनमा संयुक्त राष्ट्रसंघीय महासभाको पहिलो बैठकमा ५१ राष्ट्रका प्रतिनिधिले भाग लिएका थिए।



१० जनवरी १९७२ मा ९ महिना पाकिस्तानी जेलमा रहेका शेख मुजिबुर रहमान बंगलादेश पुगेका थिए।




## सामाजिक सञ्जाल



**मुकुन्द कट्टेल**

राजनीतिक संस्कारको एउटा मानक भाषा शैली हो, यो औसत तहभन्दा धेरै तल झरिसकेको छ। राजनीतिक प्रतिस्पर्धीमा 'नांगो गोरु' देखिने, नीतिगत बिमति राख्ने सहकर्मीहरू 'पिलो' बराबर हुने, पढेलेखेकाहरू 'भैंसी पढाउन' मात्र योग्य हुने यसका उदाहरणहरू हुन्। यो संस्कारले सभ्य समाज बन्न दिँदैन !

अबको जेनेरेसन बिटा ! जसले मानिसबीच मानिसको प्रतिस्पर्धा होइन, एआईसँग प्रतिस्पर्धा गर्ने छ। तर, हामी अभावमा बाँच्न र भाषणमा नाच्न बाध्य छौं। यही ब्रह्माण्डमा कति फरक छ ! अबको जेनेरेसनको दिमाग त छोडौं, भाषा र व्यवहार बुझ्न पनि हामीलाई हम्मे पर्ने छ। तर, हामी रसिद रटिरहेका छौं।




**चन्द्र भण्डारी**



**मधुकर खनाल**

कम्युनिस्ट सिद्धान्त मान्ने पार्टी र व्यक्तिहरूले मूल नेतृत्वको दासत्व स्वीकार गर्नुपर्छ। नेकपा एमालेभित्र केपी शर्मा ओलीको दासत्व स्वीकार गर्नु अनौठो हैन। फरक मत राख्ने व्यक्ति र समूहलाई 'पिलो'को संज्ञा दिनु झनै अनौठो भएन। पिलो निचर्नु जनवादी केन्द्रीयता नै हो।

बिन्दा र उषाकिरणलाई अर्को बैठकबाटै बिदा गर्ने ओलीको चेतावनी 'एनजीओका डलर खाँदा स्वाभिमानी भइन्छ ?' नेपालमा एनजीओ र आईएनजीओहरू भित्र्याउने नै एमाले हो। एमाले नेताहरू सुबोधराज प्याकुरेल र सुशील प्याकुरेलहरूले सुरु गरेको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पहिलो एनजीओ हो।



**पार्वती घरेल**

# मधेशको एजेन्डा र मधेश केन्द्रित दलको राजनीति

विचार



● जयप्रकाश गुप्ता

*अस्पष्ट अवस्थामा मधेशी वा अन्य पक्षले आफूभित्रका विद्वेषहरूलाई ढाकछोप गरेर अमूर्त समझदारीका गफ छाँट्नुभन्दा संविधानमा प्रगतिशील परिमार्जनका लागि व्यापक दृष्टिकोणका साथ छलफल थाल्नु बढी प्रासंगिक हुने छ...*

लामो समयपछि मधेशी पार्टीहरू चर्चामा उक्लिन चाहेका छन्। यद्यपि, अहिलेको चर्चा राष्ट्रिय राजनीतिमा मधेशीहरू एक उदीयमान शक्तिको रूपमा देखिएको सन्दर्भमा भइरहेको छैन। अनि, फेरि मधेश आन्दोलन तथा संविधानसभाको पहिलो निर्वाचनपछि केही विश्लेषकहरूले उपेन्द्र यादवलाई 'मुलुकको भावी प्रधानमन्त्री हुन सक्ने' सम्भावना देखाउँदै लेखिएकोबाट पनि भइरहेको छैन।

एक समय महन्थ ठाकुरलाई 'कालो आकाशमा चाँदीको घेरा'को उपमा दिँदै सकारात्मक सम्भावनाका साथ लेखिएकोबाट पनि हालको चर्चा प्रभावित छैन।

त्यो समय थियो- सडकमा, संविधानसभामा, अखबारहरूमा तथा शक्ति केन्द्रहरूका बैठकहरूमा मधेशको चर्चा शीर्षमा हुन्थ्यो। राष्ट्रपति, उपराष्ट्रपति बनाउन यसको शक्ति अपरिहार्य थियो। आफू प्रधानमन्त्री हुनका लागि मधेशी पक्षका सामु सभामुख पदको प्रस्ताव गरिन्थ्यो। भलै, मधेशीहरूले मन्त्रीका बढी पद लिएर 'शक्ति अभ्यास'का महत्त्वलाई इन्कार गरे।

तर, यो पक्ष बलियो त अवश्य थियो। आज पनि धेरैलाई याद होला। खिलराज रेग्मी सरकार प्रमुख बनाइँदा, दोस्रो संविधानसभाबाट जे-जस्तो दलीय स्थिति बने पनि भावी संविधानका केही आधारभूत मान्यताहरू मधेशी पक्षको सहमतिसमेतबाट निर्धारण गरिनुपर्ने कुरा, सो सुनिश्चित गर्न त्यस बेलाका राष्ट्रपति रामवरण यादवले कांग्रेस-एमाले-माओवादीलाई 'हिदायत' दिएको याद होला। त्यो थियो नवोदित मधेशी पक्षको शक्ति।

आज सोही मधेशी पक्ष उदयपुर-सिन्धुलीको साँधमा लाग्ने त्रिवेणी मेलाको जुवा खालमा नगद-जिन्सी सबै हारेर अन्ततः पत्नीका गहना गुरियासमेत बुझाएर ब्रह्ममुहूर्त अगावै खाल छाडेर भागेका हरुवा जुवाडे जस्ता देखिएका छन्।

यता आएर भर्खरै अघिल्लो अनेक पटकझैं फेरि यिनीहरू एउटै मञ्चमा आबद्ध हुन अविश्वसनीय लाग्ने प्रयासका कुरा गरेका छन्। यसो गर्न सके कुनै आपत्तिको सवाल छैन। तर, यो कति नैसर्गिक हो त ? यस मञ्चमा उपेन्द्र, महन्थ, सीके राउत रहन उचित मानेनन्। ठीक नै भयो।

यस दर्जाका नेताहरू हाल एकअर्काको मुख देख्दा आफ्नो होस काबुमा राख्ने अवस्था बन्न केही समय लाग्ला। यद्यपि, मुख्य कुरा त के हो भने, अब यी मधेशी पक्षहरूले चाहेमा एकता वा निर्माण गर्न खोजेका साझा मञ्च, वस्तुतः एक हुनका लागि हो कि एक हुन लागेको देखाउनका लागि हो ?

नेपाली कांग्रेस र एमालेले विद्यमान संविधानमा संशोधनको कुरा उठाएका छन्। यिनीहरूले केके र कुनकुन विषयमा संविधानको संशोधन खोजेका हुन्, अहिलेसम्म बताइएको छैन। एकाध मधेशी दल र माओवादीले संविधानको प्रगतिशील परिमार्जनका लागि संशोधनमा सहमति जनाउने बुझिन्छ, जबकि उनीहरूले प्रगतिशील परिमार्जनको एजेन्डा भनी भन्दै आएका विषयहरू कांग्रेस वा एमालेको एजेन्डा बन्ने कुनै सम्भावना छैन।

सडकमा छरिएका विषयहरू भने फरक प्रकारका छन्। यसअनुसार संघीयतालाई मीतव्ययी वा किफायती बनाउन प्रादेशिक संरचनाको खारेजी, मुलुकलाई हिन्दु राज्यको रूपमा मान्यता, सीमित दलीय व्यवस्था तथा यसका लागि उच्च प्रतिशत मत पाउनुपर्ने 'थ्रेसहोल्ड' आदिआदि। यी सवालहरू मधेशीलगायत अन्य साना दलहरू र क्षेत्रीय/जातीय पक्षधरलाई स्वीकार्य हुँदैन होला। जनताले चाहेको कुरा भने यी दुवैभन्दा नितान्त फरक छ।

अहिले जनताले चाहेका कुरा वा एजेन्डा भने सबै पक्षीय राजनीतिक दलहरूका लागि ग्राह्य हुनुको विपरीत पूरै अग्राह्य हुने देखिन्छ। हुन सक्छ, यदि संविधानमा संशोधन भयो भने, उप्रान्त संसद्मा बहुमत पाउने दलको वा बहुमत सिद्ध गरेको पहिलो गठबन्धनको संसद्को अवधिभर सत्तामा निरन्तरताको प्रत्याभूति हुने प्रावधानको संविधानमा प्रवेश गराउनु कांग्रेस-एमालेको विचार हुन सक्छ।

यस्तो अस्पष्ट अवस्थामा मधेशी वा अन्य पक्षले आफूभित्रका विद्वेषहरूलाई ढाकछोप गरेर अमूर्त समझदारीका गफ छाँट्नुभन्दा संविधानमा प्रगतिशील परिमार्जनका लागि व्यापक दृष्टिकोणका साथ छलफल थाल्नु बढी प्रासंगिक हुने छ।

हार्दिक बधाई तथा शुभकामना

नेपाल आयल निगम लि.
Nepal Oil Corporation Limited
नेपाल आयल निगम
५५ औं वर्षमा प्रवेश

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

HBL
हिमालयन बैंक लिमिटेड
Himalayan Bank Ltd.

PRABHU BANK

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Citizens Bank
Your Partner For Progress

PRABHU HELICOPTER
Anybody can fly
Prabhu Group Building
Kamaladi-28, Kathmandu
Ph.: +977-9801120377, 9801120015
Web: www.prabhuhelicopter.com

Annapurna Helicopters
Annapurna Helicopters Pvt. Ltd.
Sinamangal-9, Shreebinayak Marga
Kathmandu, Nepal
01-4116642
annapurnahelicopters44@gmail.com

Tara Air
Helping Develop Rural Nepal
Tilganga, Kathmandu, Phone : 01-5719111
Email: info@taraair.com, Web: www.taraair.com

AIR DYNASTY HELI SERVICES
Air Dynasty Heli Services Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal
Tel: +977-1-014577562/014577561
Fax: +977-1-4568802
www.airdynastyheli.com

Summit Air
Wings of Everest
Prayag Marg,Bhimsengola-9
Kathmandu, Nepal, 44600
+977-1-4117523/24
info@summitair.com.np

Simrik Air
Simrik Air
Always standby at your service...
Puspa Marg, Subidhanagar,Tinkune, Kathmandu, Nepal
Tel: +977 1 4155341 / 42 / 43 Fax: +977 1 4155345 / 46
E-mail: info@simrikair.com.np, Website: www.simrikair.com

Yeti Airlines
Tilganga, Kathmandu, Nepal
Ph.: 01-5719000

Kailash Helicopter Services
"The Spirit of Nepal"
KAILASH HELICOPTER SERVICES LTD.
For More: +977 9801908301/02/03 operation@kailashheli.com www.kailashheli.com

SITA AIR LTD.
Baburam Acharya Marg, Sinamangal -09, Kathmandu, Nepal
Ph: 977-1-4110710, 4110642, 4110682, 4467768(KTM Airport)
Fax: 977-1-4116646, Email:corporate@sitaair.com.np
www.sitaair.com.np

shree airlines
Fly the new high
Head Office:Baburam Acharya Sadak,
Sinamangal, Kathmandu
Tel: 4596200, 4596700

HELI EVEREST®
PRIDE OF HIMALAYAS
Heli Everest Pvt. Ltd.
P.O.Box: 850, Tinkune, Dabur Building (4th floor), Kathmandu, Nepal
Phone Number: 014112353,Mobile: 9810129861

The Soaltee
Hotels & Resorts

ALTITUDE AIR
Above and Beyond
Altitude Air Pvt. Ltd.
Sinamangal, Kathmandu

MOUNTAIN HELICOPTERS PVT.LTD.
your safety is our priority
PEPSICOLA, KATHMANDU, NEPAL
PH: 977-1-4111031/4111032/4111050/51, FAX: 977-1-4111049

MANANG AIR
MANANG AIR
106, N.K. Singh Marga
Minbhawan, Kathmandu
Tel: 4115985, 4995986/7/8/9
Fax: +977 1 4115984
E-mail: info@manangair.com.np
Web: www.manangair.com.np

mustang Helicopter
WWW.helimustang.com
Phone No:01-5906078-79, Mobile no: 9709094285

HOTEL
Mystic Mountain
Nagarkot

TATA MOTORS
Connecting Aspirations
SIPRADI

नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघ
परिवार
केन्द्रिय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं
फो. न. ०१-४७९१३१३

NEPAL L.P. GAS INDUSTRY ASSOCIATION 2056
शिव प्रसाद घिमिरे
अध्यक्ष
नेपाल एल.पि. ग्यास उद्योग संघ
परिवार
अनामनगर, काठमाण्डौ

नेवा: ट्रेड कन्सर्न प्रा. लि.
ढल्को, काठमाडौं

Mali Oil Store
Kalimati, Kathmandu
Ph.: 01-5370486
5383241

Jubi Enterprises
Jorpati, Gokarneshwor-6
Ph.: 01-4916845

Trilochan Enterprises
Pani Pokhari, Kathmandu
Ph.: 01-4411994

Kanak Trade Center
Teku, Kathmandu
Ph.: 01-4254539

Chuchhepati Fuel Center Pvt. Ltd
Chuchhepati, Chabahil
Ph.: 01-4584572

Jayanti Oil Store
Tripureshwor, Kathmandu
Ph.: 01-4117311

Wanjala Suppliers
Thankot, Kathmandu
Ph.: 01-4312708

Chakrapath Fuel Center
Balaju-16, Kathmandu
Ph.: 01-4958802

H.R. Oil Stores Pvt. Ltd.
Nilopul, Sukedhara
Kathmandu

New Puspanjali Oil Traders Pvt. Ltd.
JayBageshwori
Kathmandu

Maheshwori Oil Store
Suryabinayak, Bhaktapur
Ph.: 01-6612562

# शासकको दोहोरो चरित्रका कारण वीरगन्जको विकास भएन : प्रभु साह



**आबिद हुसेन/मध्यान्ह**
वीरगन्ज, २५ पुस

आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले वीरगन्जको विकासमा राजनीतिक दल र नेताहरुले बेइमानी गरेको टिप्पणी गरेका छन् । नेताहरुको दोहोरो चरित्रका कारण विरगन्जको विकास ओझेलमा परेको उनले बताए ।

वीरगन्जस्थित नारायणी रंगशालाको बिहीबार निरीक्षण गर्दै आजपा अध्यक्ष साहले सरकारको दोहोरो चरित्रका कारण नारायणी रंगशाला जीर्ण बनेको बताए ।

'केपी ओली प्रधानमन्त्री हुनुहुन्छ । उहाँ भर्खर वीरगन्ज आउनुभएको थियो । के उहाँको नजरमा यो नारायणी रंशाला परेन ? के ठाकुरराम बहुमुखी क्याम्पस, नारायणी अस्पताल, चिनी मिल, कृषि औजार कारखानामा उहाँको नजर परेन ? यहाँको घण्टाघर पञ्चायतकालमा बन्यो के उहाँको योग्दान केही हुनुपरेन ?' वीरगन्जको विकासको बारेमा प्रश्न गर्दै आजपा अध्यक्ष साहले भने, 'यहाँ आएर लम्बालम्बा भाषण गर्ने ? यहाँको विकासको बारेमा केही नसोच्ने ? उहाँको अगाडिपछाडि गर्नेलाई सोध्ने बेला भएको छ कि त्यो पार्टी छोड या यहाँको विकासको बारेमा केही गर । वीरगन्जमा लुट्ने काम मात्रै उनीहरुले गरे ।'

वीरगन्जबाट राजस्व लिने तर वीरगन्जको विकासका लागि सरकारले केही नगर्ने प्रवृत्ति देखिएको उनले बताए । 'वीरगन्जबाट चार गुणा बढी टयाक्स लिने तर सोही परिणाममा यहाँको विकास किन नगरेको भन्ने बारेमा हामीले प्रश्न गर्नुपर्छ । जब यहाँबाट सरकारले बढीभन्दा बढी टयाक्स लिन्छ भने बढी भन्दा बढी विकास गर्नुपर्छ,' आजपा अध्यक्ष साहले भने, '२१औं शताब्दीमा वीरगन्जसँग जुन अन्याय, अत्याचार, विभेद भइरहेको छ हामी चुप लागेर बस्दैनौं । वीरगन्जको मानसम्मान, विकास, गौरवका लागि प्रभु साह चुप लागेर बस्दैन । हामी यसको हिसावकिताव गर्छौं ।'

विभिन्न खेलकुदमा मधेश अगाडि रहेको इतिहास रहेको बताउँदै उनले मधेशलाई पछाडि पार्न खोज्नु दुर्भाग्य भएको बताए । क्रिकेट, कुस्ती, फुटबल, भलिबललगायतका विभिन्न खेलमा मधेश जहिले पनि अगाडि भएको बताउँदै उनले यहाँको रंगशालाको पुनर्निर्माण गर्नुपर्ने, थप रंगशाला निर्माण गर्दै खेलकुदको विकासमा ध्यान दिनुपर्ने बताए ।

वीरगन्जको गौरवको रूपमा रहेको नारायणी रंगशालाको निरीक्षण पश्चात आजपा अध्यक्ष साहले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, ' नारायणी रंगशालाको हाल बेहाल हेर्दा सरकारसँग केही प्रश्न गर्न मन लाग्यो । गौरवशाली इतिहास बोकेको यो रंगशालाप्रति विभेद किन ? रंगशालाको विकास सरकारको प्राथमिकतामा किन परेन ? के यहाँको बालबालिकालाई खेलकुदको अधिकार छैन ? देश बदलावमा अग्रणी भूमिका खेलेको वीरगन्जलाई यस्तो उजाड किन बनाउनुभयो ? के वीरगन्ज प्रयोग गर्ने र फ्याक्ने ठाउँ हो ? के कर तिर्ने वीरगन्जले रिटर्न पाउने अधिकार राख्दैन ? सरकारै सरकार भएको देशमा वीरगन्जका लागि सरकारविहिनता किन ? अहिलेको २१औं शताब्दीको लोकतान्त्रिक युगमा के यस्तो अत्याचार सहन सकिन्छ ? हेक्का राख्नु, अब वीरगन्ज चुप लागेर बस्दैन ।'


## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस RightWay Enterprises Pvt. Ltd. (श्रम इजाजत पत्र नं. ५१७/०६१/०६२) मा कार्यरत निम्न कर्मचारीहरु यस कम्पनीमा नरहेको व्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । साथै निजहरुसँग यस कम्पनीको हैषियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला । यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाण्डौंमा ७ दिनभित्र सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | Indra Bahadur Mahat | Labour Representative |
| २. | Sarmila Mahat | Labour Representative |
| ३. | Ranju Basnet | Receiption |
| ४. | Vikash Yadav | Documentation |
| ५. | Bablee Gurung | Documentation |
| ६. | Sagar Lamichhane | Documentation |
| ७. | Krishna Hari Adhikari | Accountant |

Rightway Enterprises Pvt. Ltd.
Govt.Lic.No.: 517/061/062
Aaloknagar Minbhawan-31
Kathmandu, Nepal
Tel : 01-4106275, 4106276
9808079942



## युएईमा रोजगार

कम्पनी: SUVA HAIR BEAUTY LADIES SALOON — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/२५ — चलानी नं.: ६०२३११२१ — LT. No.: 316916

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Technician/Telecommunication | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1600 | ५९७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners / Office Boys | 0 | 1 | | 1500 | ५५९८० | | | | | | | |
| 3. | Hair Dresser | 2 | 0 | | 1500 | ५५९८० | | | | | | | |
| 4. | Make Up Artist/maker Up | 0 | 2 | | 1500 | ५५९८० | | | | | | | |
| 5. | Marketing | 1 | 0 | | 2500 | ९३३०० | | | | | | | |
| 6. | Sales Officer | 2 | 1 | | 1700 | ६३४४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ माघ ४ गते (17 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RED CORAL ASSOCIATES PVT. LTD.
Group Of Companies
Gov. Lic. No. 625/063/064
Buddhanagar-10, Kathmandu, Tel.: 4797078, 4797278, 9851171385, 9851171383, 9851171384



## साउदीमा रोजगार

कम्पनी: KHATWAT AL MABANI CONTRACTING ESTABLISHMENT — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०९/२५ — चलानी नं.: ६०२३११३३ — L.T. No.: 316879

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Un Loading Staff | 2 | 0 | स. काममा दक्ष | 1000 | ३६,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ४ गते (17 January 2025) मा हुनेछ ।



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।



अन्जुलिमा इन्टरनेशनल प्रा. लि.
ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोनः ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

## साउदीमा रोजगार

कम्पनी: KOYEE SERVING MEALS COMPANY — शहर: Tiyadh
पूर्व स्वीकृत मितिः २०८१/०९/२५ — चलानी नं.: ६०२३११३१ — L.T. No.: 316900

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 3000 | १०९,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ४ गते (17 January 2025) मा हुनेछ ।



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।



अल समिट म्यानपावर प्रा.लि.
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com
ISO 9001 certified company

## ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT !!

## शून्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ।

**रोजगारदाता कम्पनी : फोर सिजन्स होटल, कुवेत**
**Employer Company : FOUR SEASONS HOTELS,KUWAIT**

| पूर्व स्वीकृत मितिः | २०८१/०९/२४ | चलानी नं.: | ६०२३१०७३ | एल टी नं.: | ३१६८५३ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2025/01/08 | Invoice No.: | 60231073 | L.T. No.: | 316853 |

| सि.नं S.N. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिध | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 10 | 5 | 168 | ७४,६४९ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Housekeeping Attendant | 15 | 15 | 145 | ६४,४२९ | | | | | | | |
| 3 | Waiter/ Waitress | 15 | 15 | 145 | ६४,४२९ | | | | | | | |
| 4 | AC Technicians | 5 | 5 | 220 | ९७,७५४ | | | | | | | |
| 5 | Cook General | 15 | 10 | 163 | ७२,४२७ | | | | | | | |

The final interview will be conducted in the office on 17 Jan, 2025.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ४ गते हुनेछ ।
Pre-interview is going on। पूर्व अन्तरवार्ता धमाधम जारी छ ।

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ :ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने । Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.
हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

Vision & Value Overseas Pvt. Ltd.
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu.
Mobile: 9767659357, 9767659356, 9767659358, 9863194834, 9863194832
Email : apply@vnvnepal.com | Website: vnvnepal.com


# फोनपे पेमेण्ट सर्भिस लिमिटेड
# Fonepay Payment Service Limited

fonepay — नेपाल राष्ट्र बैंकबाट "भुक्तानी प्रणाली सञ्चालक" को कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था

रजिष्टर्ड कार्यालय, ललितपुर-०३, ललितपुर फोन नं. ०१-५९७००४४
Website: www.fonepay.com/ E-Mail: csd@fonepay.com

## पाँचौं वार्षिक साधारण सभाको सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८१/०९/२६)

**श्री आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८१/०८/२७ को सञ्चालक समितिको निर्णयबमोजिम मिति २०८०/०९/१९ का लागि बोलाइएको कम्पनीको पाँचौं वार्षिक साधारण सभा केही प्राविधिक कारणले गर्दा निम्न उल्लेखित मिति र समयका लागि मिति २०८१/०९/१७ गते सम्पन्न सञ्चालक समितिको बैठकको निर्णयबमोजिम आह्वान गरिएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८१ साल पुस २९ गते (तद्अनुसार १३ जनवरी २०२५, सोमबार)**
**स्थान : रजिष्टर्ड कार्यालय, ललितपुर**
**समय : बिहान १०:०० बजेदेखि ११:०० बजेसम्म ।**

**छलफल गर्ने विषयहरू :**

१. वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा ।
२. आ.व. २०८०/८१ को लेखापरीक्षकको प्रतिवेदनसहितको वासलात, नाफा नोक्सान, हिसाब तथा नगद प्रवाह विवरणलगायतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम असार ३१, २०८१ मा कायम रहेको चुक्ता पूँजीको १०.५३ प्रतिशतले हुन आउने रु ५,३१,७६,५००/- (अक्षरुपी पाँच करोड एकतीस लाख छयहत्तर हजार पाँच सय रुपैयाँ मात्र) नगद लाभांस (कर समेत) वितरण गर्ने सम्बन्धमा ।
४. आ.व. २०८१/८२ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने सम्बन्धमा ।
५. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**विशेष नोटः**

१. सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले सभा हुने दिनभन्दा ४८ घण्टा अगावै कार्यालय समयको अपराह्न ५:०० बजेसम्ममा कम्पनीको रजिष्टर्ड कार्यालय प्रतिनिधि नियुक्त (प्रोक्सी) सम्बन्धी फारम दर्ता गरिसक्नुपर्नेछ। प्रतिनिधि नियुक्त गर्दा कम्पनीको शेयरधनी बाहेक अन्य व्यक्तिलाई नियुक्त गर्न पाइने छैन ।
२. विविध शीर्षकअन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा दुई दिन अगावै कार्यालय समयभित्र छलफलको विषय कम्पनीको अध्यक्षमार्फत सञ्चालक समितिका अध्यक्षलाई सम्बोधन गरी कम्पनीको रजिष्टर्ड कार्यालय आइपुग्ने गरी लिखितरुपमा पठाउनुपर्नेछ । त्यस्तो विषय कम्पनीसँग सम्बन्धित औचित्य हेरी छलफलका लागि समावेश गरिनेछ ।

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८१/०९/२६

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय मगंलपुर, चितवनबाट तपसिलमा उल्लेखित तपाई ऋणीले सिटिजन्स आवास कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति बि.स.२०८१/०२/३२ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा शाखा कार्यालय मगंलपुर, चितवनमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा**

**ऋणीको नाम र ठेगाना**
**नाम : राम चन्द्र पौडेल**
बाबु : इन्द्र प्रसाद पौडेल
बाजे : घनश्याम पौडेल
ठेगाना : मगंलपुर गाउँ पञ्चायत वडा नं. ९, चितवन
हाल : भरतपुर म.न.पा. वडा नं. ९, चितवन
ना.प्र.नं : ५१५८/१६१२
जारी मिति : २०४२/१२/२८
जि.प्र.का. : चितवन

**जमानीकर्ताको नाम र ठेगाना**
**नाम : सूचना पण्डित**
बाबु : हरिभक्त पण्डित
पति : राम चन्द्र पौडेल
ससुरा : इन्द्र प्रसाद पौडेल
ठेगाना : क्यामिन गा.वि.स वडा नं. ९, तनहूँ
हाल : भरतपुर म.न.पा. वडा नं. ९, चितवन
ना.प्र.नं : ३०८९३
जारी मिति : २०५५/०४/२०
जि.प्र.का. : तनहूँ

**धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको नाम : राम चन्द्र पौडेल**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट | कि.नं. | क्षेत्रफल (बि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| चितवन | भरतपुर उ.म.न.पा | ६/६ख | १११७ | ०-०-७.५-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पुर्ण भवनहरु र सो को लिग लगापात समेत । |
| | | | १११८ | ०-०-६.७५-० | |
| हाल : भरतपुर महानगरपालिका-९, चितवन | | | | | |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवम् शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतःजफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदाबाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय मगंलपुर, चितवनमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८१/१०/१३ गते, आइतबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय मगंलपुर, चितवन**

Citizens Bank
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

# NEPAL WATER SUPPLY CORPORATION

खानेपानी नेपाल संस्थान २०४६

## Branch Office, Pokhara

## Invitation for Electronic Bid


**Date of publication: 2081-09-26**

Nepal Water Supply Corporation, Pokhara Branch invites only electronic bid from the qualified eligible bidders for the following work under National Competitive Bidding. A complete set of Bidding Documents can be downloaded from PPMO's website : www.bolpatra.gov.np/egp

| S. N. | Project Title | Contract Identification No. | Cost of Bid Document (NRs) | Bid Security Amount (NRs) | Estimated Amount (including Vat ) NRs | Last Date of Bid Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Transportation of 500mm Diameter Ductile Iron Pipe and Fittings from Nepalgunj to Pokhara Including loading and unloading all complete. | 13/NWSCPKR/ WORKS/2081-082 | 3,000.00 | 55,000.00 | 22,10,822.83 | 2081-10-28, 12:00 PM | 2081-10-28, 14:00 PM | Works |
| | Bank a/c Details | | | To deposit the cost of bidding document and Bid security amount<br>Name of the Bank : Everest Bank Limited, Pokhara Branch<br>Name of Office : Nepal Water Supply Corporation<br>Office Account no. : 01600105200192 | | | | |

# सामुदायिक विद्यालयका विद्यार्थी अर्धवार्षिक परीक्षा दिनबाट बञ्चित

**मध्यान्ह संवाददाता**
रौतहट, २५ पुस



रौतहटको कटहरिया नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थी अर्धवार्षिक परीक्षा दिनबाट वञ्चित भएका छन् । कटहरिया नगरपालिकाका मेयर अजय प्रकाश जयसवालको कारण हजारौँ विद्यार्थीहरु अर्धवार्षिक परीक्षा दिनबाट वञ्चित भएको पालिकाकै जनप्रतिनिधिहरुले आरोप लगाएका छन् ।

केही समयअघि विशेष अदालतबाट सफाइ पाएर पुनः पद बहाली भएका मेयर जैसवालको लापरवाहीको कारण हजारौँ विद्यार्थीको भविष्य अन्योल बनेको राजनीतिक दलहरुको भनाइ छ ।

एक वर्षभित्रमा एउटा पनि परीक्षा नहुनुमा यसको मुख्य जिम्मेवारी मेयरले लिनुपर्ने अभिभावकहरुको भनाइ छ ।

कटहरिया नगरक्षेत्रभित्र ५ वटा मावि, ५ निमावि र १४ प्रावि गरी कुल २४ सामुदायिक विद्यालयमा कक्षा १ देखि १० सम्म १२ हजार भन्दा बढी विद्यार्थी अध्ययनरत रहेको पूर्व नगर शिक्षा संयोजक अनिल कुमार निधिले बताए ।

यस आर्थिक वर्षमा नयाँ शैक्षिक सत्र गत वैशाखमा सुरु भएको थियो । शैक्षिक सत्रको हिसाबले गत कात्तिक मसान्तभित्र अर्धवार्षिक परीक्षा सम्पन्न हुनुपर्ने शिक्षकहरूले बताए ।

नगरक्षेत्र अन्तर्गतका सामुदायिक विद्यालयहरूमा त्रैमासिक परीक्षा विद्यालय स्वयं आफ्नो स्रोत साधनले गराउने बाँकी अर्धवार्षिक र वार्षिक परीक्षा गराउन नगरपालिकाले व्यवस्था गर्दै आएको मावि भसेढवाका प्रधानाध्यापक राममंगल यादवले बताए । तर पुस महिनाको अन्तिम सातासम्म पनि नगरपालिकाले स्रोत साधन उपलब्ध नगराउँदा कटहरिया नगरपालिकाको कुनै पनि सामुदायिक विद्यालयमा हालसम्म अर्धवार्षिक परीक्षा हुन नसकेको प्रधानाध्यापक यादवले जानकारी दिए ।

यसरी निर्धारित समय भन्दा ३ महिना बढी समय बित्दा पनि हालसम्म अर्धवार्षिक परीक्षाको कुनै सुरसार नहुँदा हजारौँ विद्यार्थीको भविष्य अनयौलमा परेको अभिभावकहरूले गुनासो गरेका छन् ।

मयेर जयसवालले परीक्षा गराउन लाग्ने खर्च विद्यालयहरूलाई समयमा नदिनु मेयर जैसवालको चरम लापरबाही रहेको कटहरिया ७ का वडाध्यक्ष सहिद मियाँ दर्जीले आरोप लगाए ।

अर्धवार्षिक परीक्षा सञ्चालन गर्न लाग्ने खर्च उपलब्ध गराउन पटक-पटक नगर शिक्षा समितिसँगै नगरपालिकालाई आग्रह गर्दा कसैले वास्ता नगरेको शिक्षकहरूको गुनासो रहेको छ । नगर शिक्षा संयोजक सुरेन्द्र ठाकुरले नगरपालिका र मेयरको बचाउ गर्दै वडाध्यक्षहरूले वार्षिक र अर्धवार्षिक परीक्षाको लागि रकम नछुट्याएकाले समयमा हुन नसकेको भन्दै ढाँट्न खोजेका छन् ।

ठाकुरले हाल नगरपालिकामा तालाबन्दी भएको कारण कठिनाइ भएपनि अर्धवार्षिक परीक्षाको खर्च जुटाउन आफू प्रयासरत रहेको बताए ।

यसै विषयलाई लिएर कटहरिया नगरपालिकाकी उपमेयर रिता देवी यादव बुझ्दा पालिकाका शिक्षा संयोजक सुरेन्द्र ठाकुरले मेयर जसवालको बचाउ गर्न नगरबासी माझ झुटो बोलिरहेको बताएकी छिन् ।

'आफू निर्वाचित भएदेखिनै नगरपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरूमा अर्धवार्षिक र वार्षिक परीक्षा गराउन लाग्ने सम्पूर्ण खर्च नगरपालिकाले दिँदै आएको र अहिले वडाध्यक्षको नाम राखेर हुन्छ' उपमेयर यादवले भनिन् ।

करोडौं करोड रुपैयाँको बजेट चलाउने कटहरियाका मेयर अजय प्रकाश जैसावलले हजारौँ विद्यार्थीको भविष्यसँग प्रत्यक्ष रुपमा खेलवाड गरिरहेको नगरवासीले दुःखेसो पोखेका छन् । राजनीतिक दलको चपेटामा परेका पालिकामा जनप्रतिनिधिहरूले यही पुस ९ गते तालाबन्दी गरेपछि अहिले सेवाग्राहीहरुको कामकाज प्रभावित भएको छ । कात्तिक मसान्तमा हुनुपर्ने परीक्षा अहिलेसम्म नहुनुमा जनप्रतिनिधिहरुको पनि कमीकमजोरी रहेको देखिएको हो ।


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०९/२६**

यस सा.व.उ.स.बाट संकलित साल गोलिया काठ ६६३.५८ क्यू.फिट, साज गोलिया काठ १३४.५५ क्यू.फिट र साल दाउरा २.५ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**चिउरीभञ्ज्याङ सा. वन उपभोक्ता समूह, देवघाट २ तनहूँ ।**

## मुल्य सुची

H.K TradersPvt.Ltd. द्वारा बिक्री वितरण गरिदै आएको निम्न विवरणका मालवस्तुहरुको अधिकतम खुद्रा मुल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित्त यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | पैठारीकर्ताको नाम ठेगना | स्थायी लेखा नम्बर | आयात निर्यात संकेत नम्बर | सामानको नाम | ब्राण्ड | मोडल | अधिकतम खुद्रा बिक्री मुल्य (NPR) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | H.K Traders Pvt.Ltd. | 602397339 | 602397339 0102NP | ROBAM RANGE HOOD | ROBAM | A862 | 37,500.00 | Made in China |
| | | | | ROBAM RANGE HOOD | | A852 | 39,000.00 | |
| | | | | ROBAM RANGE HOOD | | 85H1 | 25,500.00 | |
| | | | | ROBAM RANGE HOOD | | A8323 | 51,000.00 | |
| | | | | ROBAM RANGE HOOD | | A8300 | 34,000.00 | |
| | | | | ROBAM GAS HOB | | JZY-9B6H41 | 45,500.00 | |
| | | | | ROBAM GAS HOB | | JZY-9B6H31 | 39,500.00 | |
| | | | | ROBAM GAS HOB | | JZY-9B6H30 | 37,000.00 | |
| | | | | ROBAM GAS HOB | | G370 | 29,000.00 | |
| | | | | ROBAM GAS HOB | | ZG730B | 28,500.00 | |

**H.K. Traders Pvt.Ltd.**
Maharajgang, Kathmandu
Contact Number: 9851014194

## साउदीमा रोजगार

कम्पनी: SALMAN ALI AL-WAKEEL ALUMINUM SYSTEMS FACTORY शहर: DAMMAM
पुर्व स्वीकृत मितिः २०८१/०९/२४ चलानी नं.: ६०२३१०९३ L.T. No.: 316742

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 5 | 0 | स. काममा दक्ष | 1000 | ३६,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: SALEH ATEF AL-YAMI FOR GENERAL CONTRACTING ESTABLISHMENT शहर: AL KHOBAR
पुर्व स्वीकृत मितिः २०८१/०६/१४ चलानी नं.: ६०२२६१३३ L.T. No.: 311442 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Outer Roof Cleaner | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Worker | 1 | 0 | | 1000 | ३६,५१० | | | | | | | |
| 3. | Loading And Unloading Worker | 11 | 0 | | 1000 | ३६,५१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ४ गते (17 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: १११/०५४/०५५
**Space Overseas Services Pvt. Ltd.**
Budhanilkantha, Kathmandu, Tel: 4376717, 4379275, Fax: 4377352
E-mail : info@spaceoverseas.com, Web : www.spaceoverseas.com

## बुद्धभूमि नगरपालिका
## नगर कार्यपालिका कार्यालय
हनुमान चोक-बुड्डी, कपिलबस्तु, लुम्बिनी प्रदेश

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति – २०८१/०९/२६**

यस कार्यालयबाट मिति २०८१ मंसिर १७ गतेको प्रकाशित सूचना अनुसार तपसील बमोजिमको खरिद गर्ने योजना कार्यका लागि विद्युतीय माध्यमबाट बोलपत्र आह्वान सम्बन्धि सूचना प्रकाशन गरिएकोमा म्याद भित्र सिस्टममा रितपूर्वक दर्ता हुन आएका बोलपत्र मध्य तपशिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेका बोलपत्र न्यूनतम मूल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही रहेका भनि बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भै आएकोले सार्वजनिक खरिद ऐन२०६३ को दफा २७ को उपदफा २ तथा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम ६३ को प्रयोजनार्थ सम्बन्धितहरुको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकासित गरिएको छ।

| क्र. सं. | ठेक्का नम्बर | बिबरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट र P.S. सहित) रु. |
|---|---|---|---|---|
| 1 | 27/BM/ BDG/081/082 | Construction Of School Building Of Shree Nepal Rastra Madhyamik Bidhalay at Buddhabhumi Municipality -05 | श्री Samabeshi infrastructure Pvt. Ltd. Kathmandu | 5656306.54 |
| 2 | 28/BM/ BDG/081/082 | Construction Of School Building Of Shree Fulkali Madhyamik Bidhalay at Buddhabhumi Municipality -07 | श्री B.S.S Nirman Sewa Pvt.Ltd. Godawari Lalitpur | 5035080.13 |
| 3 | 29/BM/ BDG/081/082 | Construction Of School Building Of Shree Madhyamik Bidhalay Nimdanda at Buddhabhumi Municipality -08 | श्री Shrestha Nirman Sewa Kapilbastu | 5634940.56 |

प्रमुख प्रशासकीय अधिकृत

## सिंजा गाँउपालिका
## गाँउ कार्यापालिकाको कार्यालय
नराकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल

### शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/०९/२६**

यस कार्यालयबाट मिति २०८१/०९/०८ मा प्रकाशित सूचना अनुसार तपशिलको योजनाको लागि रितपूर्वक दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु मध्येबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्न शिलबन्दी दरभाउपत्रदाताको शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | SRM/SQ/HD/01/2081-082 | Procurement & Delivery of Medicines & Surgical Items | Sumit Medico Pharma Nepalgunj, Banke | 5,33,640.00 NPR | |

प्रमुख प्रशासकीय अधिकृत


# लागुपदार्थ सेवन परीक्षण कार्यक्रम शुभारम्भ

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, २५ पुस




अब लागुपदार्थ सेवन गरेर चलाउने सवारी चालकलाई कारबाही हुने भएको छ। जिल्ला जनस्वास्थ्य कार्यालय दोलखा र ट्राफिक प्रहरी कार्यालयको सहकार्यमा बिहीबारदेखि लागुपदार्थ सेवन परीक्षण कार्यक्रम शुभारम्भ गरेको हो।

सदरमुकाम चरिकोटमा कार्यक्रमको उद्घाटन गर्दै जिल्ला प्रशासन कार्यालय दोलखाका प्रमुख शिवराम गेलालले सवारी दुर्घटना न्यूनीकरणका लागि लागुपदार्थ सेवन जाँच प्रभावकारी हुने बताए। मापसे लापसे नगरेर सवारी साधन चलाउने कार्यको लागि प्रहरी र नागरिक एकआपसमा सहकार्य र समन्वय गरी आगाडि बढ्नु आवश्यक रहेको उल्लेख गरे। कार्यक्रमलाई सम्बोधन गर्दै भिमेश्वर नगरपालिका नगर प्रमुख ईश्वर नारायण मानन्धरले पनि सवारी साधनको गति नियन्त्रण र ट्राफिक नियमका बारेमा सवारी चालक तथा अन्य सर्वसाधारणलाई समेत सचेत पार्नु अतिआवश्यक देखिएको बताए। लागुपदार्थ सेवन न्यूनीकरणका रचनात्मक कार्यक्रमहरु गाउँघरमा पनि सञ्चालन गर्दा गाउँघरबाट आउने सवारीसाधनका सवारीचालक सचेत हुने दावी गरे। जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी निरीक्षक दाताराम अधिकारीले लामोसाँघु-जिरी सडक अन्तर्गत जिल्लाभित्रका विभिन्न ठाउँहरूमा जुनसुकै बेलामा पनि सवारी चालकहरुमा चेकजाँच हुने बताए।

उक्त चेकजाँचका क्रममा मापासे गरेको पाइएमा उनीहरुलाई कानुन बमोजिम कारवाही गरिने बताए। कार्यक्रमले सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने र लागुऔषध प्रयोग तथा ओसारपसार घट्ने समेत विश्वास व्यक्त गरे।

# कृष्णनगरको सार्वजनिक सुनवाइ

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २५ पुस

कपिलवस्तुको कृष्णनगर नगरपालिका वडा नं. ४, रमवापुर स्थित श्री शिव शक्ति आधारभूत विद्यालयमा 'सुशासन, पारदर्शिता र जवाफदेहीताका लागि' भन्ने मूल नाराका साथ सार्वजनिक सुनवाइ कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा बोल्दै नगर प्रमुख रजत प्रताप शाहले शिक्षालाई विशेष प्राथमिकतामा राखेर काम गरिरहेको बताए। उनले नगरपालिकाभित्रका सबै नागरिकका समस्या आफ्नै समस्या भएको उल्लेख गर्दै समस्या समाधानका लागि निरन्तर प्रयासरत रहेको स्पष्ट पारे। सार्वजनिक सुनवाइमा नगरवासीहरूले आफ्ना प्रश्न र समस्या प्रस्तुत गरेका थिए, जसको उत्तर सम्बन्धित शाखा प्रमुखहरूले दिएका थिए।



उक्त कार्यक्रम कृष्णनगर नगरपालिकाको आयोजनामा, नेपाल पत्रकार महासंघ कपिलवस्तुको सहजीकरणमा र शिवराज मिडियाको समन्वयमा सम्पन्न भएको हो। कार्यक्रममा नगरप्रमुख रजत प्रताप शाह, उप-प्रमुख आरती देवी चौधरी, प्रमुख प्रशासकीय अधिकृत खेमराज देवकोटा, वडाध्यक्षहरू, शाखा प्रमुखहरू, सञ्चारकर्मी, र सर्वसाधारणको सहभागीता रहेको थियो।


## कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालयः
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

### यस बैंकको विर्तामोड शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

**प्रकाशित मिति : २०८१/०९/२६**

यस विकास बैंकको विर्तामोड शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीले सवारी कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उपरोक्त सम्पत्ति गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको **मितिले ७ (सात) दिन भित्र** (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

**ऋणी तथा धनजमानीकर्ताको विवरण**

**१) मान बहादुर खुलाल बुढाथोकी**
**ना.प्र.नं.**: ९१५२२५१४
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा
बाबु : दल बहादुर खुलाल बुढाथोकी
बाजे : मोतीलाल खुलाल
ठेगाना : झापा जिल्ला, शुरुङ्गा गा.वि.स. वडा नं ०५, हाल कनकाई न.पा.वडा नं ०३
**शाखा कार्यालय : विर्तामोड**
**कर्जा शीर्षक : सवारी कर्जा**

**धितो/धनजमानीकर्ताको विवरण**
**मञ्जु खुलाल बुढाथोकी**
**ना.प्र.नं.**: ०४१०३१/५३०
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, झापा
पति : मान बहादुर खुलाल बुढाथोकी
ससुरा : दल बहादुर खुलाल
ठेगाना : झापा जिल्ला, शुरुङ्गा गा.वि.स -०५, हाल कनकाई न.पा.वडा नं ०३

**धितोमा रहेको सम्पत्तिको विवरण**

१) मान बहादुर खुलाल बुढाथोकीको नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|
| घैलाडुब्बा-२ | २गाँउ | ३ | ११०१.०० |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

२) मान बहादुर खुलाल बुढाथोकी ऋणी कायम भई कामना सेवा विकास बैंकको नाममा यातायात व्यवस्था कार्यालय दाङमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (सवारी साधन) ।

| सवारी साधनको विवरण | |
|---|---|
| मोडल | Terra 259S |
| बनेको साल | 2018 |
| दर्ता नं. | **मे-०१-ख ३२९९** |
| ईन्जिन नं. | 81D84473457 |
| च्यासिस नं. | MC2L4GRC0JD007338 |
| कम्पनी | VE Commercial Bharat |

| सवारी साधनको विवरण | |
|---|---|
| मोडल | Terra 25G9S Bogi |
| बनेको साल | 2018 |
| दर्ता नं. | **मे-०१-ख ३३००** |
| ईन्जिन नं. | 81B84457475 |
| च्यासिस नं. | MC2L4GRC0JC007319 |
| कम्पनी | VE Commercial Bharat |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ। बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षर मा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ।
४. बोलपत्र पेश गर्दा सबै सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) वा कुनै एक सम्पत्ति समेत खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ।
५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।
६. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ।
७. रीतपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ३:३० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ। साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
८. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ। यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ। सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ।
९. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ।
१०. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ।
११. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ।
१२. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।
१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पुनश्च** : उल्लिखित ऋणी (प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्ति)/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थानः**
**बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८१/१०/०३ गते र बोलपत्र खोलिने मितिः २०८१/१०/०४, समयः दिनको : ३:३० बजे**
**सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२६ पुस २०८१ शुक्रबार
10 January 2025, Friday

# सामुदायिक वनको आम्दानीले गाउँ झिलिमिली



सूर्यप्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, २५ पुस

अर्घाखाँचीको शीतगंगा नगरपालिका वडा नम्बर ११, १२, १३ र १४ का विभिन्न ठाउँमा रहेका सामुदायिक वनहरुको आम्दानीले गाउँहरु झिलिमिली हुन थालेको छ। अहिले स्थानीय युवाहरुले रोजगारी समेत पाउन सुरु गरेका छन्।

शीतगंगाको वडा नं. १३ भंगाला भन्ने ठाउँमा रहेको गाउँमा सामुदायिक वनको आम्दानीबाट थुप्रै नमुना विकास निर्माणका कामहरू भएपछि स्थानीय उपभोक्ताहरु हर्षित मात्र नभइ त्यहाँका युवाहरु गाउँमै रोजगार पाउन थालेका छन्। शीतगंगा नगरपालिकाको विकट बस्ती भनेर चिनिने गैडे वनमा आश्रित ८ सय २३ घर परिवार रहेको सो गाउँमा धेरै विकास निर्माणका कामहरू सामुदायिक वनको आम्दानीबाट सम्पन्न भएका छन्। यस्तै स्थानीय युवाहरु रोजगारीका लागि कुनै ठाउँ जानु पर्दैन। गाउमै भ्याइ नभ्याइ छ।

शीतगंगा ११ मा रहेको सो गैडे भन्ने स्थानमा सामुदायिक वन उपभोक्ता समूहको आम्दानीबाट गाउँमा पुग्ने मोटरबाटो, सिँचाइ योजना, खानेपानी, विद्यालय भवन निर्माण, इन्टरनेट विस्तार, विद्युत् विस्तार, गाउँमा बाखा पालन, कुखुरा पालन, बंगुरपालन, वैदेशिक रोजगारीमा जानेहरुका लागि आर्थिक सहयोग गरेपछि गाउँका सबै उपभोक्ता रोजगारीमा व्यस्त रहेको गैडे सामुदायिक वनका अध्यक्ष जुद्दबहादुर सुनारले मध्यान्हलाई जानकारी दिए। सो समुहले सडक निर्माण गर्ने तथा मर्मत गर्ने कार्यमा यस वर्ष मात्रै झन्डै २१ लाख रुपैयाँ खर्च गरेको अध्यक्ष सुनारले बताए। गोरुसिंगे सन्धिखर्क सडकबाट भित्र पर्ने गैडे सामुदायिकमा जान सहज भएपछि अहिले त्यो बाटो धेरैले प्रयोग गरी काठ निकासी हुने गर्छ। गैडे सामुदायिकको पैसाले गाउँको भित्री सडक पनि निर्माण तथा मर्मत भएको सामुदायिक वनका सचिव दसिता बेल्वासेले बताइन्।

सामुदायिक वनका अध्यक्ष सुनारले भने 'यो वर्ष ३५ लाख र विगतका वर्षहरूमा गरी झन्डै ८० लाख रुपैयाँको लगानीमा सिँचाइ योजना पूरा भएपछि अहिले त्यहाँका उपभोक्ताले तरकारी खेती गरेर दैनिक कपिलवस्तु लगेर बेचबिखन गर्ने गरेका छन्। जसबाट ६० बिघा खेतमा सिँचाइ सुविधा पुगेपछि अहिले खेती गर्न किसान उपभोक्ता कम्मर कसेर लागेका छन्।' शीतगंगाका धेरै वनले आम्दानी गरिरहेका छन्।

यस्तै शीतगंगा १२ मा पनि डोहोटे सामुदायिक वनको आम्दानीले सिँचाइ, विद्युत्का काम बाखा वितरण हाते ट्याक्टर वितरण गर्नुको साथै बिउपल वितरण गरेपछि मौसमी तथा बेमौसमी तरकारी उत्पादन बढेको सामुदायिक वनका अध्यक्ष रेशम बन्जाडेले बताए। शीतगंगाका अधिकांश ठाउँमा कपिलवस्तु जिल्लाबाट सामुदायिक वनको आम्दानीले गाउँमा बिजुली बत्ती बाल्न पाएपछि उपभोक्ताहरु झन् खुशी देखिन्छन्।

विकट बस्तीमा सामुदायिक वनको आम्दानीबाट गाउँ अहिले झिलिमिली भएपछि उपभोक्ता हर्षित भएका हुन्। घरघरमा इन्टर नेट सुविधा पुगेको छ। गाउँमा रहेका साना तिना बाटाहरु निर्माण भएका छन्। विद्यालय भवन पनि बनेका छन्। गाउँमा विद्यालयका सानातिना काम गर्न विद्यालयमा निजी स्रोतबाट शिक्षक राख्नका लागि अहिले सरकारको मुख हेर्नुपर्ने अवस्था नभएको शीतगंगा १२ का स्थानीय मोहन बन्जाडेले बताए।

शीतगंगा १३ मा रहेको धिरीखोला सामुदायिक वनले खानेपानी मर्मतमा वार्षिक ३० हजार रुपैयाँ खर्च गर्छ। गाउँमा भगवती मन्दिरमा ७ लाख रुपैयाँको लागतमा निर्माण गरिएको धिरिखोला सामुदायिक वनका अध्यक्ष नारायण पौडेलले अनुगमनमा गएको जिल्ला स्तरीय टिमलाई जानकारी गराए। गाउँमा चाहिने विकासका कामका लागि राज्यका कुनै सरकारको मुख ताक्नुपर्दैन। सामुदायिक वनहरू सक्षम भएको खण्डमा गर्न सकिन्छ भन्ने उदाहरण अर्घाखाँचीका सामुदायिक बनहरुले देखाएको डिभिजन वन अधिकृत मोहन प्रसाद श्रेष्ठले बताए।

उपभोक्ताको आयआर्जन बढाउनका लागि तरकारी खेती गर्ने, गाईभैंसी पालन गर्ने, बाख्रापालन गर्ने, बुंगुरपालन गर्ने कृषकलाई वार्षिक ३ प्रतिशत ब्याजदरमा ऋण लगानी पनि सामुदायिक वनले गर्ने गरेको वन अधिकृत चन्द्र भाटले अनुगमन टिमलाई जानकारी दिए।

शीतगंगा १३ को धिरिखोलामा सामुदायिक वनको आम्दानीबाट 'भैंसीपालनका लागि २० लाख बाख्रापालनका लागि १५ कुखुरापालनका लागि ५ र बंगुरपालनमा ३ जनाले वार्षिक ३ प्रतिशत ब्याजदरमा ऋण पाएका छन्।' भैंसीपालनका लागि वार्षिक ३ प्रतिशत ब्याजदरमा ७० हजार रुपैयाँ ऋण लिएको सामुदायिक वनका उपाध्यक्ष गोमा भुसालले बताइन्।

कृषि तथा पशुपालन गर्ने उपभोक्ताहरूको हितका लागि उनीहरूको मागका आधारमा हाते ट्याक्टर वितरण, घाँस काट्नको लागि चाप कटहर वितरण गरिएको छ। बिउको लागि बोका पनि वितरण गरिएको छ। रोजगारीका लागि वैदेशिक रोजगारीमा गएकाहरू सात जना गाउँमा फर्किएर स्वरोजगारका काम गरिरहेका छन्। विदेशबाट फर्किएका दुई जनालाई अटो रिक्सा खरिदका लागि निब्याजी ऋण पनि प्रदान गरिएको छ। साउदी अरबबाट फर्किएका किशोर गुरुङ र भारतको दिल्लीमा रोजगारी गरेर फर्किएका दिलीप घमलाई ब्याज मिनाहा गरी ३ लाख रुपैयाँका दरले कर्जा लिने गरेका छन्। त्यस्तै शीतगंगा नगरपालिका वडा नम्बर ११ को गैडे सामुदायिक वनका उपभोक्ताहरुको पनि दैनिकि फेरिएको सामुदायिक वनकी सचिव सीता बेल्वासेले दाबी गरिन्।

# प्रमुख प्रशासकीय अधिकृतविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस**–अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। नुवाकोट किस्पाङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुवप्रसाद सापकोटाविरुद्ध बिहीवार विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर



भएको हो। अछाम मेल्लेख गाउँपालिकाको तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रहेका बेला सापकोटा १ लाख रुपैयाँसहित अख्तियारले नियन्त्रणमा लिएको थियो। उनीविरुद्ध मेल्लेख गाउँपालिकाको मेसिनगरी सामान खरिदसम्बन्धी उजुरी परेको थियो। उजुरीसम्बन्धित कागजात पेश गर्न आयोगको कार्यालय कञ्चनपुरले भनेपछि उनी अनुसन्धान अधिकृतको कार्यकक्षमा गइ कागजातसँगै खाम दिएका थिए।

उक्त खाम खोलेर दिनुभन्दा खामभित्र १ लाख रुपैयाँ भेटिएको थियो। रकमबारे सोधुपुछ गर्दा उनले मुद्दा मिलाइदिन ल्याएको जवाफ दिएका थिए। त्यसपछि अख्तियारको टोलीले उनलाई नियन्त्रणमा लिएको थियो।

## गौरीगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

### आन्तरिक आयको ठेक्का सूचना

प्रथम पटक प्रकाशित मिति – २०८१।०८।२४
दोस्रो पटक प्रकाशित मिति – २०८१।०९।२६

गौरीगंगा नगरपालिकाको आन्तरिक आयको ठेक्काको लागि बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय ठेक्काको लागी सार्वजनिक खरिद नियमावलीको नियम (४०) को उप नियम (२) बमोजिम सबै योग्य बोलपत्रदाताहरुको लागी सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतिय पोर्टल www.bolpatra.gov.np/egp मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि नगर कार्यपालिकाको मिति २०८१/०८/१७ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

| ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | उत्खनन परिमाण (घन मिटर) | न्युनतम बोलपत्र कबोल अंक रु. (भ्याट बाहेक) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| GGM/NCB/IR01/2081/082 | गौरीगंगा नगरपालिका शिवगंगा नदी, चौमाला नदी, गौरीगंगा नदी- १ र गौरीगंगा नदी - ४ बाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | ७४,२१४ (सम्झौता मिति देखी २०८२ जेष्ठ मसान्त सम्म) | १,५७,३३,३६८/- | कबोल अंक (मु.अ.क. सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम | ३०००/- |
| GGM/NCB/IR02/2081/082 | गौरीगंगा नगरपालिका अण्डैया खोला, लिक्मा नदी र कान्द्रा नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | ८५,६७२ (सम्झौता मिति देखी २०८२ जेष्ठ मसान्त सम्म) | १,८१,६२,४६४/- | कबोल अंक (मु.अ.क. सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम | ३०००/- |

बिस्तृत जानकारीका लागी www.bolpatra.gov.np/egp मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

## म्याङलुङ्ग नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
म्याङलुङ्ग, तेह्रथुम
कोशी प्रदेश, नेपाल

### म्याङलुङ्ग नगरपालिका क्षेत्रभित्र रहेको तमोर नदी (वडा नं १ र १०) बाट ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उत्खनन तथा संकलन कार्यका बिक्री कर असुलीको ठेक्का बन्दोबस्ती सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०९/२६

स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ६४(च) मा व्यवस्था भए बमोजिम यस म्याङलुङ्ग नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले IEE प्रतिवेदनमा उल्लेखित स्थानीय खोला तथा खानीबाट ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उत्खनन तथा संकलन कार्यका लागि बिक्री कर असुली गर्न तपसिल बमोजिमको परिमाणमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इजाजत प्राप्त ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, आ.व. ०८०/८१ को करचुक्ता र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि (BOQ भरि) विधुतीय दरभाउपत्र पेश गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ।

तपसिल :

| क्र.सं. | ठेक्का नं. | विवरण | परिणाम (घ.मि.) | न्यूनतम ठेक्का अंक (भ्याट बाहेक) रु. | धरौटी रकम रु. | दरभाउपत्र फारम दस्तुर रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | 07/MM/Rajaswa/081/82 | म्याङलुङ्ग नगरपालिका क्षेत्र भित्र रहेको तमोर नदी (वडा नं १ र १०) बाट ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उत्खनन तथा संकलन कार्यका बिक्री कर असुली | ढुंगा : २६५<br>गिट्टी : १३३<br>बालुवा:३७१४ | १०,३०,०००.००/- | कबोल गरेको रकमको ५ % | १०००.००/- | २०८१/१०/१३ दिनको १२ बजे सम्म | २०८१/१०/१३ दिनको १२ बजे सम्म | २०८१/१०/१३ दिनको १ बजे |

शर्तहरु :

१. खरिद प्रक्रिया e–GP माध्यमबाट मात्र गरिने भएकाले सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौं (PPMO) को आधिकारिक Website: https://www.bolpatra.gov.np/egp बाट bid document हेर्न सकिनेछ र Submission का लागि दरभाउपत्र खरिद दस्तुर बापत रकम खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं र दरभाउपत्रको नाम खुलेको राजश्व दाखिला भौचर electronic bid file साथै पेश गर्नुपर्ने छ। दरभाउपत्र फारम दस्तुर नेपाल बैंक लिमिटेड, म्याङलुङ्ग, तेह्रथुममा रहेको यस कार्यालयको GA.1.1 MYANGLUNG NA.PA. AANTARIK RAJASWA KHATA नं. ०५४०३०००००१००१००००१ मा जम्मा गर्न सकिनेछ।

२. दरभाउपत्र पेश गर्दा उल्लेखित रकम बराबरको धरौटी नेपाल बैंक लिमिटेड, म्याङलुङ्ग, तेह्रथुममा रहेको यस कार्यालयको GA.3.0 MYANGLUNG NA.PA. DHARAUTI KHATA नं. ०५४०३०००००३००००००००१ मा नगदै जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ७५ दिन मान्य अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले जारि गरेको बिडबन्ड पेश गर्नु पर्नेछ।

३. दरभाउपत्रदाताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखि छाप लगाई पेश गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। दरभाउपत्र खरिद वा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्य लगत्ते कार्यालय खुलेको दिनमा गरिनेछ।

४. यस कार्यको ठेक्का अवधि सम्झौता मितिदेखि २०८२ जेठ मसान्तसम्मको लागि मात्र रहनेछ।

५. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

६. यस म्याङलुङ्ग नगरपालिका क्षेत्रभित्र रहेको तमोर नदी (वडा नं १ र १०) बाट ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उत्खनन तथा संकलन कार्यका परिमाणका सन्दर्भमा स्थनीय सरकार संचालन ऐन २०७४, सोसँग सम्बन्धित अन्य प्रचलित नियम, कानून तथा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग मानिने छ।

७. यस सूचनामा उल्लेख भएका विषय यसै बमोजिम र अन्यको हकमा प्रचलित ऐन, नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
## राजस्व अनुसन्धान कार्यालय
इटहरी, सुनसरी

### लिलाम विक्रीका लागि शीलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/०९/२६ गते

यस कार्यालयमा विभिन्न मितिमा जफत भएका तथा लिलाम गर्नुपर्ने मालवस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनीका लागि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावाली २०७० को नियम २६ बमोजिम शिलबन्दी दरभाउपत्रका माध्यमबाट लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण राजस्व अनुसन्धान विभागको वेवसाइट www.dri.gov.np तथा यस कार्यालयको सूचनापाटीमा समेत हेर्न सकिनेछ।

प्रमुख अनुसन्धान अधिकृत

## युएईमा रोजगार
कम्पनी: PATHIVARA JEWELLERY LLC | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०६/०८ | चलानी नं.: ६०२०८१८९ | LT. No.: 292970 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sale Officer / Stall & Market Salesperson | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1300 | ४८,५१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gold Smith/Jewellery Maker | 3 | 0 | | 1400 | ५२,२४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ४ गते (17 January 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

KALINCHOK H. R. PVT. LTD.
License No.: 1406/074/075
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np

## कतारमा रोजगार
कम्पनी: PERTROFAC QATAR | शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८१/०९/१७ | चलानी नं.: ६०२३०६५६ | L.T. No.: 316436

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bleach Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Decorator | 12 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |
| 3. | Driver | 5 | 0 | | 1400 | ५१,७४४ | | | | | | | |
| 4. | Forman | 7 | 0 | | 2500 | ९२,४०० | | | | | | | |
| 5. | General Cordinator | 3 | 0 | | 2500 | ९२,४०० | | | | | | | |
| 6. | Inspector | 6 | 0 | | 2500 | ९२,४०० | | | | | | | |
| 7. | Labour | 5 | 0 | | 1000 | ३६,९६० | | | | | | | |
| 8. | Machine Operator | 3 | 0 | | 1900 | ७०,२२४ | | | | | | | |
| 9. | Safety & Health Tech | 1 | 0 | | 4200 | १५५,२३२ | | | | | | | |
| 10. | Storekeeper | 2 | 0 | | 1900 | ७०,२२४ | | | | | | | |
| 11. | Supervisor | 3 | 0 | | 2500 | ९२,४०० | | | | | | | |
| 12. | Technician General | 41 | 0 | | 1100 | ४०,६५६ | | | | | | | |

अन्तर्वार्ता सुनसरी टेक्निकल इन्स्टिच्युट, सुनसरीमा २०८१ माघ ४ गते (17 January 2025) मा हुनेछ।
अन्तर्वार्ता मुस्कान ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८१ माघ ५ गते (18 January 2025) मा हुनेछ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ६ गते (19 January 2025) मा हुनेछ।
अन्तर्वार्ता बुटवल मल्टिपल ट्रेनिङ सेन्टर, रूपन्देहीमा २०८१ माघ ७ गते (20 January 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Krisha International Employment Service Pvt. Ltd.
Sinamangal-09, Kathmandu, Nepal. Email: krishaintl2017@gmail.com
Gov. Lic No. 1297/074/075
Tel: +977- 1- 4487145, Kathmandu :9803058466/ 9841714053/ 9810295923
Jankapur :9810295923/ 9804898340, bhairahawa: 9827429080/ 9826428291/ 9801128777

# अतिआवश्यक ठाउँकै पुल निर्माण १२ वर्षदेखि अलपत्र

कुलेन्द्र शाही/मध्यान्ह
सुर्खेत, २५ पुस



सरकारी निकायको मलजल पाउँदा बन्न लागेको संरचनाहरू कसरी अलपत्र पर्छन् भन्ने त्यसको एउटा गतिलो उदाहरण बनेको छ, सुर्खेतको बराहताल गाउँपालिका-२, रानीघाटस्थित भेरी नदीमा निर्माणाधीन पुल । कर्णालीलाई बर्दियासँग जोड्ने छोटो मार्ग भेरिगाउँ-तेलपानी सडक अन्तर्गत भेरी नदीमा करिब १२ वर्षदेखि एउटा पुल अलपत्र परेको छ।

पुल बनाउनका लागि १४ करोड २९ लाख ८९ हजार लागतमा २०६९ असार २१ गते पप्पु/मल्ल जेभीसँग सम्झौता गरेर तीन वर्ष अर्थात् २०७२ पुस २९ गतेसम्म निर्माण सम्पन्न गरिसक्नुपर्ने थियो । तर सम्झौता गरेको करिब १२ वर्ष बढी भइसक्दा पनि पुलको काम ३० प्रतिशत पनि हुन सकेको छैन। कम्पनीले तीन वटा पिलर उठाएर निर्माण कार्य अलपत्र छाडेको छ । त्यहाँ पुलको पिलर बाहेक अरू केही प्रगति नदेखिएको स्थानीयको भनाइ छ। लामो समय पुल अलपत्र परेपछि ठेक्का समेत तोडिसकिएको छ। सडक डिभिजन कार्यालय सुर्खेतले दुई वर्ष अगाडि अर्थात् २०७९ असार २० गते पुलको ठेक्का तोडिसकेको छ। पुल निर्माणका लिइएका सामग्री नदी किनारामै जीर्ण बनेका छन्।

एकातिर सामग्री जीर्ण बनेका छन् भने अर्कोतिर पुल नहुँदा त्यहाँका स्थानीयलाई निकै सास्ती भएको छ। भेरी नदीमा पक्की पुल निर्माण नहुँदा बराहताल गाउँपालिकाका चार वडाका साथै बर्दियासँग जोडिने छोटो सडक मार्ग सञ्चालनमा आउन सकेको छैन। पुलकै कारण छोटो सडक मार्ग सञ्चालनमा नआउँदा बर्दियाबाट कोहलपुर-बबइ-छिन्चु हुँदै लामो दुरी पार गरी सुर्खेत आउनुपर्ने बाध्यता छ । निर्माण कम्पनीले प्राविधिक डिजाइनमा त्रुटी रहेको औंल्याउँदै कडा चट्टान रहेकाले काम गर्न नसकेको बताउँदै आएको थियो । तर, काम गर्ने छाटकाट नदेखिए पछि डिभिजन कार्यालय सुर्खेतले ठेक्का तोडेको थियो। उक्त कम्पनीले ४ करोड बढी रुपैयाँ भुक्तानी लिएको थियो। पप्पुले पुल बनाउनेतर्फ कुनै चासो नदिएपछि कार्यालयले सम्झौता हुँदा निर्माण कम्पनीले लिएको एक करोड बढी रकम फिर्ता लिएको सडक डिभिजन कार्यालय सुर्खेतका सूचना अधिकारी एवम् इन्जिनियर अशोक चौधरीले जानकारी दिए। साथै कार्यालयले ८० लाख रुपैयाँको बैंक जमानत राखेको छ र १० प्रतिशत हर्जना समेत लगाएको छ । सूचना अधिकारी चौधरीले कम्पनीसँगको ठेक्का तोडिसकेपछि ८० लाख बढी रुपैयाँ बैंक जमानत राखेको बताए। उनका अनुसार पुल निर्माणका लागि चालु आर्थिक वर्षमा १ करोड रुपैयाँ विनियोजन गरिएको छ।


## ग्लोबल आइएमई बैंक लिमिटेडको
## धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**प्रकाशित मितिः २०८१/०९/२६ गतेको मध्यान्ह राष्ट्रिय दैनिक**

